# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक २३५ | काठमाडौं | सोमबार, ११ पुस २०७९ | Prabhab National Daily | Monday, December 26, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं**

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दाहाल तेस्रोपटक प्रधानमन्त्री

- १६९ सांसदको समर्थनमा तेस्रोपटक दाहाल प्रधानमन्त्री
- दाहाललाई एमाले, रास्वपा, राप्रपा, जसपा, जनमत, उन्मुक्ति र चार स्वतन्त्र सांसदको समर्थन
- देउवाले प्रधानमन्त्री र राष्ट्रपति दुवै नछाड्दा भत्कियो गठबन्धन
- गठबन्धन जोगाउन नसक्दा कांग्रेस शून्यतामा

साढे २ वर्षपछि ओली प्रधानमन्त्री

राष्ट्रपति र सभामुख एमालेलाई

| | |
|---|---|
| ७८ | एमाले |
| २० | रास्वपा |
| १४ | राप्रपा |
| ४ | नागरिक उन्मुक्ति |
| ३२ | माओवादी केन्द्र |
| १२ | जसपा |
| ६ | जनमत पार्टी |
| ३ | स्वतन्त्र |



■ जेबी योञ्जन

**काठमाडौं–** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल मुलुकको ४४ औं प्रधानमन्त्री बनेका छन् । कूल १६९ जना सांसदको समर्थन रहेको भन्दै प्रधानमन्त्रीमा दाबी पेस गरेका उनलाई आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् ।

आइतबार साँझ राष्ट्रपति कार्यालयले जारी गरेको वक्तव्यमा भनिएको छ, 'सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधिसभाका माननीय सदस्य श्री पुष्पकमल दाहालज्यूलाई नेपालको प्रधानमन्त्री पदमा नियुक्त गर्नुभएको छ ।'

राष्ट्रपति कार्यालयले प्रधानमन्त्रीमा दाहाललाई नियुक्त गरेको संविधानको यस उपधारामा प्रतिनिधिसभामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाको सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था उल्लेख छ ।

३२ सिट भएको माओवादी अध्यक्ष दाहाललाई एमालेका ७८ जना, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २०, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का १४, जनता समाजवादी पार्टीका १२, जनमत पार्टीका छ र नागरिक उन्मुक्ति पार्टीका चार जना सांसदले समर्थन गरेका हुन् । स्वतन्त्र सांसदहरू प्रभु साह, किरणकुमार साह र योगेन्द्र मण्डलले पनि दाहाललाई समर्थन गरेका छन् । साथै, अर्का स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले पनि दाहाललाई नै समर्थन गर्ने बताएका छन् ।

दाहाल गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री हुन् । उनी देश संघीय प्रणालीमा गएपछि भएको पहिलो संसद्को कार्यकालमा प्रधानमन्त्री बन्न पाएनन् । एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भने आलोपालोमा प्रधानमन्त्री बन्ने समझदारी भएको थियो । तर, ओलीले उनलाई प्रधानमन्त्री बनाउन चाहेनन् । यसपटक भने ओलीसहितकै समर्थनमा दाहाल प्रधानमन्त्री बन्न सफल भए । (बाँकी पृष्ठ २ मा)

## यसरी फेरियो गठबन्धन

**काठमाडौं (प्रस)–** प्रधानमन्त्रीको हैसियतमा कांग्रेस सभापति शेरबहादुर देउवाले आइतबार बिहानै आपसी भाइचारा, सौहार्द्रता र राष्ट्रिय एकताको अभिवृद्धि होस् भनेर शुभकामना दिए । केहीबेरमै माओवादी अध्यक्ष दाहालसँग गठबन्धनको एकता थप सुदृढ बनाउन भन्दै दूतको रूपमा नेता विमलेन्द्र निधिलाई खुमलटार पठाए । उनले आलोपालो गर्दा प्रधानमन्त्री पहिलो कार्यकालका लागि कांग्रेसलाई छाड्न दाहालसँग आग्रह गरे । दाहालले निधिको प्रस्तावलाई सीधै अस्वीकार गरे । लगत्तै पदाधिकारीका केही नेताहरूलाई बोलाएर दाहालले खुमलटारमै भने, 'गठबन्धन संकटतिर गयो ।'

तर, पनि गठबन्धन टिकाउने र देउवा नै प्रधानमन्त्री बन्नेगरी जोडबल भइरहचो । त्यसकै परिणाम मध्याह्न देउवा-दाहाल एक्लाएक्लै भेटवार्ता बालुवाटारमा भयो । भेटवार्ता चल्दै गर्दा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको प्रवेश भयो, जहाँ देउवा प्रधानमन्त्री नभई राष्ट्रपति पनि कांग्रेसले राख्ने बटमलाइनसहित प्रस्तुत भएको दाहालको सचिवालयका एक सदस्यले भने । (बाँकी पृष्ठ २ मा)

## देउवाको 'दम्भ'ले कांग्रेस शून्यतामा

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पहिलो चरणमै हुने र राष्ट्रपति पनि नछाड्ने कांग्रेस सभापति शेरबहादुर देउवाको बटमलाइनका कारण विकसित राजनीतिक घटनाक्रमले कांग्रेसलाई शून्यतामा पुऱ्याएको छ । संसद्को दोस्रो दल एमाले नेतृत्वको नयाँ गठबन्धनले संघसँगै सातवटै प्रदेशमा बहुमतको सरकार गठन गर्ने देखिएको छ । संघमा स्वतन्त्र चारसहित एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीका गरी १७० सांसद छन् ।

नयाँ गठबन्धनबाहिर संसद्मा कांग्रेसका ८९, एकीकृत समाजवादीका १०, लोकतान्त्रिक समाजवादी पार्टीका चार, राष्ट्रिय जनमोर्चाका र नेपाल मजदुर किसान पार्टीका समान एक-एक जना गरी १०५ जना सांसद छन् । यो संख्या सरकार गठनका लागि आवश्यक संख्याभन्दा ३३ कम हो ।

गठबन्धन टुटेसँगै कांग्रेसले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, उपसभामुख, राष्ट्रिय सभा अध्यक्ष, उपाध्यक्षलगायत सबै महत्त्वपूर्ण पद गुमाएको छ । साथै, सातवटा प्रदेशका प्रमुख, मुख्यमन्त्री, सभामुख, उपसभामुख पनि (बाँकी पृष्ठ ५ मा)

## दाहालको राजनीतिक जीवन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका कूल १६९ सांसदको समर्थनसहित नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तेस्रोपटक नेपालको प्रधानमन्त्रीमा नियुक्त भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रतिनिधिसभाका सदस्य दाहाललाई प्रधानमन्त्रीमा नियुक्त गरेकी हुन् । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनपछि विकसित राजनीतिक घटनाक्रमसँगै उनी प्रधानमन्त्री बन्न सफल भएका हुन् । उनको नियुक्तिसँगै निर्वाचन परिणाम प्राप्त भएपछि विकसित राजनीतिकरूपमा देखिएको अन्योल तत्काललाई सकिएको छ ।

पछिल्लो निर्वाचनमा मतका आधारमा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र क्रमशः पहिलो, दोस्रो र तेस्रो शक्तिका रूपमा स्थापित भएका थिए । वि.सं. २०६४ मा सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा सबैभन्दा ठूलो दलको अध्यक्षको हैसियतमा तथा २०७३ साउनमा नेपाली कांग्रेसको समर्थनमा दाहाल प्रधानमन्त्री भएका थिए । उनीले दोस्रो कार्यकालमा (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# साउदीमा थप ६९ जनाले पाए 'एक्जिट भिसा'

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्यामा परी कठिनाइ झेलिरहेका थप ६९ जना नेपालीले 'एक्जिट भिसा' (बहिर्गमन भिसा) पाएका छन् । साउदीको अध्यागमन कार्यालयले लागू गरेको नयाँ नियमानुसार हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) नपाएका ६९ जना नेपालीले उक्त भिसा पाएका हुन् ।

साउदी अध्यागमनले लागू गरेको नियमानुसार एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले बढीमा एक हप्ताभित्र साउदी छोडिसक्नुपर्ने रियादस्थित नेपाली दूतावासले जनाएको छ । हुरुब लागेर विभिन्न समयमा रियादबाट प्रोसेसिङ गरेका २७ जना र इकामा नभएका ३७ र श्रम अवधिमा सकिएका पाँच जना गरी ६९ जनाले एक्जिट भिसा प्राप्त भएको दूतावासले उल्लेख गरेको छ ।

हुरुब लागेका नेपालीहरूलाई एक साताभित्र साउदी छोड्न जानकारी दिंदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले अनुरोध गरेको छ । एक हप्ता अगाडि नै एक्जिट भिसा आएको भन्दै दूतावासले आफ्नो मोबाइलमा सन्देश प्राप्त नभए दूतावास आएर एक्जिट भिसाको पेपर लैजान सकिने जनाएको छ । आफूले एक्जिट भिसा पाए/नपाएको जानकारी दूतावासको आधिकारिक फेसबुक पेज वा वेवसाइटमा हेर्न सकिने बताइएको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीँ कतै बुझाउनु नपर्ने दूतावासले उल्लेख गरेको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ ।



> हुरूब लागेर विभिन्न समयमा रियादबाट प्रोसेसिङ गरेका २७ जना र इकामा नभएका ३७ र श्रम अवधिमा सकिएका पाँच जना गरी ६९ जनाले एक्जिट भिसा प्राप्त भएको जानकारी

इकामा (बस्ने अनुमति)को म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ दूतावासले गरिदिने जनाइएको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालसँग मात्रै हुने दूतावासले जानकारी दिएको छ । यसअघि ५४ जनाको एक्जिट भिसा लागेको दूतावासले जानकारी दिएको थियो । पछिल्लो छ महिनाको अवधिमा पटक-पटक गरी झण्डै एक हजार ४०० को हाराहारीमा नेपालीहरूले एक्जिट भिसा पाइसकेको दूतावासको तथ्यांक छ ।

## दुबई पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं (प्रस)- वैदेशिक रोजगारीका लागि दुबई पठाइदिन्छु भन्दै विभिन्न व्यक्तिबाट रकम लिएर फरार रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । दुबई पुगेपछि एक प्रतिष्ठित कम्पनीमा आकर्षक रोजगारी दिलाइदिने भन्दै दुई लाख ८७ हजार रूपैयाँ ठगी गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ गरेको हो ।

वर्किङ भिसामा वैदेशिक रोजगारीका लागि आकर्षक आम्दानी हुने लोभ देखाएर तीन लाख रूपैयाँ लाग्ने भन्दै पीडितसँग पटक-पटक गरी दुई लाख ८७ हजार रूपैयाँ ठगी गरेको अभियोगमा काठमाडौंको कोटेश्वर बस्ने मेची नगरपालिका, झापा घर भएका ३४ वर्षीय नीलकण्ठ अधिकारीलाई गत शुक्रबार प्रहरीले पक्राउ गरेको हो । उनलाई उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले ललितपुरको टीकाथलीबाट पक्राउ गरेको जनाएको छ ।

अधिकारीले दुबईको एक प्रतिष्ठित कम्पनीमा ७० हजार रूपैयाँभन्दा बढी तलब हुने भनी प्रलोभनमा पारेर रकम लिएर फरार भएको बताइएको छ । पीडितबाट रकम संकलन गरी सम्पर्कसमेत नगरी फरार रहेको अवस्थामा उनलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका अधिकारीलाई वैदेशिक रोजगार विभागमा बुझाइएको अपराध अनुसन्धान कार्यालयका सूचना अधिकृत प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले जानकारी दिए ।


**जनहितमा जारी सन्देश**

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

**डेंगीबाट बच्ने उपायहरु**

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## यसरी फेरियो...

पृष्ठ १ बाट जारी

उनका अनुसार त्यही भेटवार्ता गठबन्धन भंग हुने आधार बन्यो । देउवाले अडान नछाडेपछि गठबन्धन टुट्ने अवस्था सिर्जना भएको हो ।



त्यसपछि दाहाल बालुवाटारको बैठक छाडेर एमाले अध्यक्ष ओलीको निवास बालकोट पुगे । उनीभन्दा अघि भने वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, महासचिव देवप्रसाद गुरुङसहितका नयाँ सत्ता समीकरण बनाउनेबारे ओलीसँग छलफल गरिसकेका थिए । माओवादी उपमहासचिव वर्षमान पुन पुग्दा भने ओलीले 'चिज धेरै विकास भइसकेको' बताएका थिए ।

नेताहरूले सत्ता समीकरणको वातावरण बनाएलगत्तै दाहाल बालकोट पुगेका हुन् । भन्नचाहिँ त्यसबेलासम्म सरकारका प्रवक्ता तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धन जोगाउन आवश्यक रहेको र सहमति अन्तिम घडीमा हुने भनेका थिए । तर, त्यसबेलासम्म गठबन्धन नजोगिनेगरी राजनीतिक माहोल बनिसकेको थियो । कांग्रेसकै वरिष्ठ नेता रामचन्द्र पौडेलले भने निराशाका कुरा गरिसकेका थिए । दाहाल ओलीसँग सत्ता समीकरण टुंगो लगाउन बालकोट पुगेपछि पौडेलले 'हाम्रो (कांग्रेसको) हातबाट सबैथोक जान्छ कि जस्तो छ' भनेका थिए ।

ओलीसँग भने राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष अशोक राई र जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले छलफल गरिसकेका थिए । उनीहरू दाहालको नेतृत्वमा सरकारमा सहभागी हुन तयार भइसकेका थिए ।

'अहिले एजेण्डामा आधारित सरकार गठनको सहमति गरेका हौं,' बालकोट बैठकबाट बाहिरिएपछि एमाले महासचिव शंकर पोखरेलले भने । त्यहीबेला एकीकृत समाजवादीका अध्यक्ष नेपालले भने सचिवालय बैठक राखेर कांग्रेस नेतृत्वमा सरकार बन्ने सम्भावना सकिएको 'ब्रिफिङ' गरिरहेका थिए ।

नभन्दै केही छिनमै सत्ता सहकार्यको निर्णायक कदम सफल भएको सन्देशसहित ओलीनिवासको बार्दलीमा ओली र दाहाल एक साथ उभिए ।

यसपछि ओली-दाहालसहितका नेताहरू प्रधानमन्त्रीमा दाबी पेस गर्न शीतलनिवास गए । राप्रपाले सरकारलाई समर्थन गर्ने निर्णय गऱ्यो ।

'हाम्रो पदाधिकारी बैठकले सरकारलाई तत्काल समर्थन गर्ने मात्रै निर्णय गरेको छ,' प्रवक्ता सगुनसुन्दर लावतीले प्रभावसँग भने । रास्वपाले भने सरकारमा सहभागी हुने निर्णय गरेको छ ।

यसरी दाहाल तेस्रो कार्यकालका लागि आवश्यकभन्दा अधिक बहुमतसहित प्रधानमन्त्री नियुक्त भएका हुन् । आज शपथ ग्रहणपछि उनले मन्त्रिपरिषद् गठन गर्ने छन् ।

## दाहाल तेस्रोपटक...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्रीमा दाहाललाई समर्थन गरेका ओली, रास्वपाका सभापति रवि लामिछाने, जसपा अध्यक्ष उपेन्द्र यादवलगायत नेताहरू शीतलनिवास पुगेका थिए । निर्धारित समय बेलुकी ५ बजे नै प्रधानमन्त्रीमा दाबी गरेका दाहाललाई राष्ट्रपति भण्डारीले नियुक्त गर्दै बधाई तथा शुभकामना दिएकी छन् । उनको शपथ आज सोमबार ४ बजे हुने भएको छ । उनलाई राष्ट्रपति भण्डारीले शपथ खुवाउने छिन् ।

दाहालले प्रधानमन्त्री नियुक्त भएको ३० दिनभित्र संसद्बाट विश्वासको मत लिनुपर्नेछ । संविधानको धारा (७६) को उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले सोही धाराको उपधारा (४) अनुसार विश्वासको मत लिनुपर्छ । विश्वासको मत नपाएको अवस्थामा भने दाहाल स्वतः पदमुक्त हुने छन् । त्यस्तो अवस्थामा उपधारा (३) अनुसार सरकार गठनको प्रक्रिया अगाडि बढ्नेछ । जहाँ प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरूको भएको दलको नेता प्रधानमन्त्री हुन्छन् । तर, दाहाललाई १७० सांसदको समर्थन रहेकाले उनले विश्वासको मत पाउने उक्त पार्टीका सचिव लिलामणि पोखरेलले बताए ।

उनका अनुसार दाहालले प्रधानमन्त्रीका रूपमा शपथ ग्रहण गरेपछि संसद्मा छिट्टै विश्वासको मत लिने छन् । संसद्मा विश्वासको मत पाए उनले दुई वर्षसम्म ढुक्कले सरकार चलाउने छन् । किनकि, पहिलो दुई वर्षसम्म प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न पाइँदैन । त्यही भएर दाहाल आलोपालो सरकारको नेतृत्व गर्नुपर्दा पहिलो चरणमै प्रधानमन्त्री हुने पक्षमा उभिएका हुन् । उनको दलको पदाधिकारी बैठकले जसरी पनि पहिलो चरणमै प्रधानमन्त्री बन्नेगरी पहल गर्न दाहाललाई सुझाएको थियो । अन्ततः दाहाल प्रधानमन्त्री भएरै छाडे ।

## प्रदेश १ का सांसदले आज शपथ लिने

**काठमाडौं (प्रस)**– प्रदेश १ का प्रदेशसभा सदस्यले आज शपथ लिने भएका छन् । प्रदेशसभा सचिवालयले आज (सोमबार) दिउँसो १:३० बजे नवनिर्वाचित प्रदेशसभा सदस्यहरूलाई शपथ गराउने कार्यक्रम तय भएको जानकारी दिएको छ ।

शपथ लिनुभन्दा अगाडि प्रदेश प्रमुख पर्शुराम खापुङले प्रदेशसभा सदस्यमध्येबाट ज्येष्ठ सांसद गयानन्द मण्डल गनगाईंलाई मध्याह्न १२:३० प्रदेश सभाध्यक्षका रूपमा शपथ गराउने छन् । त्यसपछि सभाध्यक्षले अन्य ९२ जना सांसदलाई शपथ गराउने कार्यक्रम तय भएको प्रदेशसभा सचिव गोपालप्रसाद पराजुलीले जानकारी दिए ।

प्रदेशसभामा पाँच जना सांसदले मातृभाषामा लिने जनाइएको छ । इन्द्रबहादुर आङ्बो, खिनु लङवा लिम्बू, कमलप्रसाद जवेगु, खगेनसिं हांगाम र निर्मला लिम्बूले मातृभाषा (यक्थुम/लिम्बू)मा शपथ लिने सचिव पराजुलीले जानकारी दिए ।

सांसदहरूलाई सकेसम्म राष्ट्रिय पोसाक नभए साँस्कृतिक पहिचान झल्किने पोसाकमा आउन सूचना जारी गरिएको छ । प्रदेशसभामा प्रत्येक सांसदलाई एक थान लोगो, एक थान ब्याग र केही पुस्तक उपलब्ध गराउने तयारी भएको बताइएको छ ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RESTORAN NASI KANDAR PULAI**

पूर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन स्वीकृति मिति २०७९/०९/११ | LT. No. 267140 | चलानी नं ६०१८३०४५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Restaurant Crew | 8 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ पुस १८ गते (2th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MEHANDI OVERSEAS PVT. LTD.** (श्रम ईजाजत नं. ११५७/०७३/०७४)

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, Email:mehendioverseas2074@gmail.com

### याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड

ललितपुर म.न.पा.१०, ललितपुर

### दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०९/११**

यस कम्पनीको संचालक समितिको मिति २०७९ पौष ७ गतेको निर्णय अनुसार दोश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**दोश्रो वार्षिक साधारण सभा हुने मिति,समय र स्थान :**

मिति :- २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी, २०२३)

समय :- बिहान ८ बजे

स्थान :- हार्दिक होटल, वागवजार, काठमाण्डौं ।

**दोश्रो वार्षिक साधारण सभाका प्रस्तावहरू**

१. **सामान्य प्रस्तावहरू**

क) कम्पनीको तर्फबाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन'सूचीहरू उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।

घ) कम्पनीको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धी ।

ङ) कम्पनीको कर्मचारी प्रशासन विनियमवाली २०७९ र आर्थिक प्रशासन विनियमावली २०७९ अनुमोदन गर्ने ।

च) कम्पनीको चालु आ.व. २०७८/७९ र आगामी आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

२. **विशेष प्रस्ताव**

क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरि कम्पनीको नियमावली संशोधन गर्ने ।

३. **विविध : कम्पनीका यावत गतिविधीका समिक्षा गर्ने ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### Badigad Rural Municipality
### Office of the Rural Municipal Executive

**Gwalichaur, Baglung**
**Gandaki Province,Nepal**

### Invitation for Bids for the Procurement and Delivery of Sanitary pad

**Contract Identification number:BRM/NCB/G/04/079-080**

**Date of pulication:26-12-2022**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement and Delivery of Sanitary pad (IFB No: BRM/NCB/G/04/079-080).Bidding is open to all eligible Nepalese Bidders.
2. The Badigad Rural Municipality,Baglung invites electronic bids from eligible bidders for the Procurement of Delivery of Sanitary pad under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Badigad Rural Muncipality,Gwalichaur,Baglung Gandaki Province Nepal or may visit PPMO egp system website **www.bolpatra.gov.np/egp.**
4. Eligible bidders on the submission of a written application,along with the copy of company/firm registration certificate,and upon payment of a non-refundable fee of **NRS 3000.0 till 25-01-2023 12:00** during office hours.

   **Name of the Bank: Prabhu Bank Ltd,Badigad Branch.**

   **Name of the Office: Badigad Rural Municipality,Baglung** **Office code no:80104450.9**

   **Office Account no: 1420115804700071** **Rajaswa (revenue)Shirshak no:14229**
5. Pre-bid meeting shall be held at: Badigad Rural Municipality,Baglung Gwalichaur, Baglung Gandaki Province Nepal at **13-01-2023 10:15**
6. Electronic bids must be submitted to the Office bolpatra.gov.np/egp through PPMO website www.bolpatra.gov.np on or before **25-01-2023 12:00.** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at **25-01-2023 14:00** hours at the Office of Badigad Rural Municipality, Gwalichaur, Baglung Gandaki Province Nepal Bids must be valid for a period of **90** days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of e-bid,amounting to a minimum of **60000. NRs** which shall be valid for **30 days** beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit **Rajaswa Accountant No.1420115804700041 at Prabhu Bank Ltd.,Badigad,Baglung** and submit the receipt of the deposited amount of cash.
8. If the last date of purchasing and /or submission falls on a government holidy,then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## Tribeni Rural Municipality
## Office Of Rural Municipal Executive

Simrutu, Kharaneta Rukum (West)
Karnali Province, Nepal

## Invitation for Bids for Procurement of Fabricated Steel Parts For Truss Bridge

**Date of Publication: 26th Dec, 2022**

1. The **Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum (west)** invites Bids for the Procurement of Fabricated Steel Parts For Truss Bridge.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum(west)** or **may visit PPMO website www.bolpatra.gov.np., 9801925763.**
3. Bids must be submitted through e-GP system i.e **www.bopatra.gov.np/egp on before 25 Jan 2023 12:00 hours.**
4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. If the Bidder wishes to submit the Bid security and Bid document fee in the form of cash **Rajaswa khata** and **Dharauti Khata** Details are mention in the table as below.
6. The Name and Identification of the contract are as follow:

| S.N. | Contract Nos. | Description of work | Bid fee (NRs.) | Bid Security (NRs.) | Estimated Amount (Excluding VAT) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | TRM-TB/ NCB/ 01/2079/080 | Fabrication of steel parts khaltikhola Truss Bridge and transportation up to road heads of **Sintubang** | 3000.00/- | 45000.00/- | 1559892.59/- | Laxmi Bank Limited Rajaswa Khata:- 08703000156 Dharauti Khata:- 08703000084 |
| 2. | TRM-TB/ NCB/ 02/2079/080 | Fabrication of steel parts Simrutubazar Truss Bridge and transportation up to road heads of **Simrutubazar** | 3000.00/- | 45000.00/- | 1549952.23/- | |

**Prem Bahadur Gharti**
**Chief Administarative officer**

## दाहालको राजनीतिक...

पृष्ठ १ बाट जारी

आफूले जनअपेक्षाअनुसार काम गर्नसकेको सार्वजनिकरूपमा नै बताउँदै आएका छन् ।

उनी २०६५ को साउनमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्रीमा निर्वाचित भएका थिए। यस्तै, २०७३ साउन १९ गते दोस्रोपटक प्रधानमन्त्री बनेका उनी २०७४ जेठ २३ गतेसम्म कार्यकारी प्रमुखका रूपमा रहेका थिए। एमाले अध्यक्ष केपी शर्मा ओलीको निवास बालकोटमा आइतबार बसेको बैठकले अध्यक्ष दाहाललाई प्रधानमन्त्री बनाउने निर्णय गरेको थियो ।

नवनियुक्त प्रधानमन्त्री दाहालको जन्म २०११ मंसिर २६ गते कास्की जिल्लाको ढिकुरपोखरी गाविस वडा नं २ लेवाडेमा भएको हो । पिता मुक्तिराम र माता भवानीका जेठो छोरा दाहालले आफ्नो प्रारम्भिक शिक्षा कास्कीको ढिकुरपोखरीमा नै लिए । २०२६ सालमा चितवनको नारायणी विद्या मन्दिर मावि शिवनगरबाट प्रवेशिका परीक्षामा उत्तीर्ण भई २०२७-२०२९ पाटन बहुमुखी क्याम्पसबाट आइएस्सी पूरा गरेका थिए। २०३३ सालमा रामपुर कृषि क्याम्पसबाट कृषिमा बिएस्सी गरेका थिए । उनले एमपिएसम्मको अध्ययन गरेका छन् ।

नवनियुक्त प्रधानमन्त्री दाहालले कक्षा १० मा अध्ययनरत हुँदा छविलाल दाहाल नाम परिवर्तन गरी पुष्पकमल दाहाल नामकरण गरेका हुन् । वि.सं. २०३८ देखि २०६३ सम्म भूमिगत अवस्थामा रहँदा उनको कल्याण, विश्वास, निर्माण र प्रचण्ड नाम रहेको थियो। हाल उनी आफू पुष्पकमलभन्दा 'प्रचण्ड' भनिनुमा नै गौरव गर्छन् ।

वि.सं. २०१९ मा ढिकुरपोखरी-२ बाट चितवन भरतपुरको शिवनगर गाविसमा बसाइँसराइ गरेका दाहालको २०२६ वैशाखमा सीता पौडेलसँग विवाह भएको हो । उनका तीन छोरी र एक छोरामध्ये एक छोरी र छोरा प्रकाशको निधन भइसकेको छ ।

उनले नारायणी विद्या मन्दिर मावि शिवनगर (२०२९), डण्डा मावि नवलपरासी र भीमोदय मावि, आरुघाट, गोरखा (२०३३-०३५) सालमा अध्यापन गरेका थिए। वि.सं. २०२८ मा नेकपाको पुष्पलाल समूहबाट पार्टीको सदस्यता प्राप्त गरेर आफ्नो राजनीतिक जीवन प्रारम्भ गरेका दाहालले रामबहादुर थापा 'बादल', मित्र दवाडी, खेम भण्डारी र पुष्प भुर्तेलसँग मिलेर २०३१ सालमा मार्क्सवादी अध्ययन समूह गठन गरेका थिए ।

उनी २०३४ सालमा चौथो महाधिवेसनमा प्रवेश गरी २०३५ सालमा पूर्णकालीन कार्यकर्ता र २०३६ सालमा चितवन जिल्ला समिति सदस्यमा निर्वाचित भएका थिए । उनी २०३८ सालमा क्षेत्रीय ब्यूरो सदस्य एवं अखिल नेपाल युवक संघको केन्द्रीय समितिको महासचिव भई २०४० मा संघको केन्द्रीय अध्यक्षमा निर्वाचित भएका थिए ।

वि.सं. २०४१ मा नेकपा (मशाल)को पाँचौं महाधिवेसनबाट केन्द्रीय सदस्यमा निर्वाचित, २०४२ मा पोलिटब्युरो सदस्य, २०४६ मा महामन्त्री र २०४८ सालमा नेकपा (एकताकेन्द्र) को महामन्त्री भए ।

यसैगरी २०५१ सालमा तत्कालीन नेकपा-एकता केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनपछि बसेको तेस्रो विस्तारित बैठकपछि पार्टीको नाम फेरेर नेकपा माओवादी राखेपछि महामन्त्री भएका दाहालले २०५२ सालदेखि सुरु भएको जनयुद्धको नेतृत्व गरे । वि.सं. २०५७ मा दोस्रो राष्ट्रिय सम्मेलनबाट नेकपा माओवादीको अध्यक्ष भए ।

वि.सं. २०५८ मा जनमुक्ति सेना नेपालको सर्वोच्च कमाण्डर रहेका दाहाल २०६३ साल असार २ गते बालुवाटारमा पत्रकार सम्मेलन गरी काठमाडौंमा भूमिगत जीवनबाट सार्वजनिक भएका थिए। २०६९ सालमा बृहत्तर लुम्बिनी विकास निर्देशक समितिको अध्यक्ष बनेका प्रधानमन्त्री दाहाल वि.सं. २०६९ मा हेटौंडामा सम्पन्न राष्ट्रिय सम्मेलनबाट अध्यक्ष पदमा निर्वाचित भए । उनी वि.सं. २०७० मा विराटनगरमा सम्पन्न एकताको महाधिवेसनबाट पुन:अध्यक्ष पदमा निर्वाचित भए । यस्तै, २०७८ पुसमा सम्पन्न भएको पार्टीको आठौं महाधिवेसनबाट अध्यक्ष निर्वाचित भए ।

साथै, उनले उच्चस्तरीय राजनीतिक समितिको संयोजकको भूमिकासमेत निर्वाह गरिसकेका छन् । अध्यक्ष दाहालका 'नेपाली क्रान्तिका समस्या' (भाग १, २ र ३), 'संस्कृति, कला र सौन्दर्य चिन्तन', 'प्रचण्डका छानिएका रचना' (खण्ड १ र २) तथा 'प्रचण्डका छानिएका सैन्य रचना' लगायतका पुस्तक प्रकाशित छन् ।

उनी २०६४ सालमा सम्पन्न संविधानसभा निर्वाचनमा काठमाडौं-१० र रोल्पा-२ बाट निर्वाचित भएका थिए । २०७० मंसिरमा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा सिराहा-५ बाट निर्वाचित भएका थिए । संविधानसभाको दोस्रो निर्वाचन, २०७० मा सिरहा क्षेत्र नं ५ बाट निर्वाचित दाहाल २०७३ साउन १९ गते व्यवस्थापिका-संसद्मा ३६३ सदस्यको बहुमत प्राप्त गरी नेपाल सरकारको ३९औं प्रधानमन्त्रीमा निर्वाचित भए ।

यस्तै, २०७४ मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन क्षेत्र नं ३ बाट अध्यक्ष दाहालले ४८ हजार २७६ मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए । तत्कालीन वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा झण्डै दुई तिहाइ मत प्राप्त भए पनि पूरा कार्यकाल चल्न सकेन ।

वि.सं. २०७७ पुस ५ गते प्रतिनिधिसभा विघटन भएपछि तत्कालीन नेकपामा फुट आयो। सर्वोच्च अदालतको आदेशपछि तत्कालीन पाँच दलीय गठबन्धनको तर्फबाट २०७८ असार २९ गते शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भयो । सो सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न गऱ्यो ।

यस्तै, २०७९ मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उनी गोरखा क्षेत्र नं २ बाट २६ हजार १०९ मत प्राप्त गरी विजयी भएका हुन् । सत्तारूढ गठबन्धनमा सहमति नभएपछि आइतबार नै नेकपा एमालेसहितका दलको सहमतिमा अध्यक्ष दाहाल प्रधानमन्त्री बनेका हुन् ।

---


**नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गत महाविद्यालयको लागि आवश्यक फर्निचरका सामानहरूको**

**खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

सूचना नं. NAWF/NAIHS/BKHL/079/080/6

(प्रथम पटक प्रकाशित मितिः २०७९/०९/११ गते)

१. नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान तथा अन्तर्गतका महाविद्यालयहरू, मा आ.व.०७९/८० को लागि आवश्यक पर्ने फर्निचरका सामानहरूको e-GP System को माध्यमबाट ठेक्का लिई आपुर्ति गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूबाट यो बोलपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | पेश गर्नुपर्ने बोलपत्र जमानत अंक ने.रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र विड गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|
| NAWF/NAIHS/BKHL/078/079/6 | ६५,०००।०० | ३,०००।०० | २०७९/१०/११ १२:०० बजे | २०७९/१०/११ १३:०० बजे |

२. माथि उल्लेखित ठेक्का "विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४" अनुसार **www.bolpatra.gov.np/egp** सिष्टमबाट बिड गर्नु पर्नेछ ।

३. e-GP Bidder हरूले e-GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नु पर्नेछ ।


---


**इष्टर्न हाइड्रोपावर लिमिटेड**

ललितपुर १०, ललितपुर

**छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७९/०९/११

यस कम्पनीको मिति २०७९ पौष ८ गतेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई जानकारी सहीत उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**छैठौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०७९ पौष ३० गते शनिवार (तदनुसार १४ जनवरी २०२३)

समय :- विहान ८:०० वजे

स्थान :- होटेल हार्दिक, वागवजार, काठमाण्डौं ।

**छैठौं वार्षिक साधारण सभाका प्रस्तावहरू**

**१. सामान्य प्रस्तावहरू**

क) कम्पनीको तर्फवाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

ख) कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

ग) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) कम्पनीको संशोधित नियमावलीको नियम २७(२) ख वमोजिम सर्वसाधारण समूहवाट प्रतिनिधित्व गर्ने १ जना संचालकको निर्वाचनको लागि अधिवक्ता श्री मनिस श्रेष्ठ लाई जिम्मेवारी दिने ।

ङ) कम्पनीको चालु आ.व. २०७८/७९ र आगामी आ.व. २०७९/८० को बजेट तथा कार्यत्र:म स्वीकृत गर्ने ।

**२. विशेष प्रस्ताव**

क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरि कम्पनीको नियमावली संशोधन गर्ने ।

**३. विविध : कम्पनीका यावत गतिविधीका समिक्षा**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७९।९।२० गते देखी मिति २०७९।९।२६ सम्म बन्द रहनेछ ।

२. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०७९/०९/२८ गते विहान ११ बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।

३. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सवै प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ ।

४. बुदा नं. २ र ३ उल्लेखित दिन सार्वजनिक विदा परेमा समेत सो प्रयोजनको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, कार्यालय समयमा खुल्ला रहनेछ ।

५. यस कम्पनीको नियमावली अनुसार सर्वसाधारण समुह तर्फवाट संचालक समितिमा प्रतिनिधीत्व गर्ने १ जना संचालकको निर्वाचनका लागि निर्वाचन सम्वन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम रजिष्टर्ड कार्यालयको सूचना पाटिमा टांस गरिनेछ ।

६. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

७. सभा हुने दिन सभामा उपस्थीतीका लागि हाजीर पुस्तीका विहान ८:०० बजे देखी खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कागजातहरू नागरिकता प्रमाणपत्र, चालक अनुमतीपत्र आदी अनिवार्य प्रसतुत गर्नुपर्नेछ ।

८ साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा टेलिफोन नं ०१५५५०९३४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


---


लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**प्रादेशिक आयुर्वेद चिकित्सालय**

बिजौरी, दाङ

**निर्माण तथा मर्मत सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/११**

यस चिकित्सालयमा आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत बिभिन्न निर्माण तथा मर्मत कार्य गर्नु पर्ने भएकाले इच्छुक व्यक्ति, संघ, संस्था वा निर्माण व्यवसायीहरुले निम्न सर्तको अधिनमा रही बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । निर्माण व्यवसायीहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा बोलपत्र खरिद गरी ३१ औं दिनको १२:००बजे भित्र दर्ता गर्ने गरी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता स्वयम् वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन अन्तिम दिन मानिने छ । बोलपत्र खरिद गर्न नेपाल बैंक लि. को राजश्व खाता नं. २७४०२००००१००१००००१ मा राजश्वा शिर्षक नं.१४२२९ र कार्यालय कोड नं.३७००१५६०३५, प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरी, दाङको नाममा रु.३०००। तीन हजारको राजश्व भौचर सक्कल पेश पश्चात यस कार्यालयबाट प्राप्त गर्न सकिने छ। बिस्तृत सूचनाको लागि यस कार्यालयको सूचना पाटी तथा बेब साइट **pahdang.p5.gov.np** मा हेर्न सकिने छ। कार्यालय फोन नं. ०८२-४११०५०

| क्र.स. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | लागत इस्टमेन्ट रकम मु.अ.कर. बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | NCB/PAH/ ०१/०७९/८० | ट्रस्ट निर्माण, शौचालय निर्माण भवन मर्मत सम्भार, पाईपलाईन बिस्तार, भान्सा व्यवस्थाट्रस्ट निर्माण, शौचालय निर्माण भवन मर्मत सम्भार, पाईपलाईन बिस्तार, भान्सा व्यवस्थापन, टायल बिच्छाउने र पार्क निर्माणन, टायल बिच्छाउने र पार्क निर्माण | १,५०,०००।- | ३,०००।- | ५३,००,२०४.९९।- | |

**नि. निर्देशक**


---


नेपाल सरकार

**शहरी विकास मन्त्रालय**

**शहरी विकास तथा भवन निर्माण विभाग**

**संघीय आयोजना कार्यान्वयन इकाई**

जनकपुरधाम, धनुषा

**बोलपत्र आह्वान सम्वन्धी सूचना**

**सूचना नं : १०-०७९/८०**

**सूचना प्रकाशन मितिः २०७९।०९।११**

यस इकाई अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०७९।१०।११ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/ 35-2079/80 | Renovation works, flooring and finishing works at Auditorium Hall, Mahendra Narayan Nidhi Mithila Cultural Centre, Janakpurdham, Dhanusha. | NCB, SSDE | 8,50,000.00 | 5,000.00 |
| 2 | FPIU/Dhanusha /Works/NCB/ 36-2079/80 | Various Road and Drain Improvement Works at Kalanki Chowk -Godaita Bazar-Bagdaha Mod Godaita-10, Haripurwa-9, and Khutauna Purwari Tole-Ward No. 1 Border, Malangwa-6, Sarlahi. | NCB, SSDE | 7,19,000.00 | 5,000.00 |
| 3 | FPIU/Dhanusha /Works/NCB/ 37-2079/80 | Various Road and Drain Improvement Works at Lalbandi-4, Lalbandi-5, Gole Chowk Lalbandi-10 to Lalbandi-11, and Ranigunj Lalbandi-17 Sarlahi. | NCB, SSDE | 7,26,000.00 | 5,000.00 |
| 4 | FPIU/Dhanusha /Works/NCB/ 38-2079/80 | Integrated Settlement Construction Works for Musahar, Chamar, Tatma and Dom at Bhangaha-9, Mahottari. | 85,47,008.55 | 2,42,000.00 | 3,000.00 |
| 5 | FPIU/Dhanusha /Works/NCB/ 39-2079/80 | Road Improvement Works at Hariharpur-Highway, Chhireshwarnath Municipality, Dhanusha. | 82,90,598.22 | 2,35,000.00 | 3,000.00 |


---


**Gosaikunda Rural Municipality**
**Office of the Rural Municipal Executives**
**Syafrubensi, Rasuwa**

**Invitation for Bids**

**Date of Publication: 26th December, 2022**

1. **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** invites electronic bids or sealed bids from eligible bidders for the following works under National Competitive Bidding.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO e- GP system www.bolpatra.gov.np/egp. or **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa, email address: gosaikundapalika@gmail.com, Telephone: 010-541088**
3. A complete sets of Bidding Documents may be purchased from **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** or Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank **: Nepal Bank Limited, Dhunche Branch, Dhunche, Rasuwa**
   Name of Office : **Gosaikunda Rural Municipality**, **Syafrubensi, Rasuwa**
   Cost of Bidding Document : NRs. 3000
   Internal Revenue account no.: GA1.1 GOSAIKUNDA GA.PA.
   AANTARIK RAJASWA KHATA **11103000001001000001**
4. Pre-bid meeting will be held in **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa** at 11:00 hrs on 16/01/2023
5. Sealed or Electronic bids must be submitted to **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syfrubensi, Rasuwa or** through PPMO's e- GP system www.bolpatra.gov.np/egp on or before **12:00** ***Hrs*** **on** ***25th January, 2023.***
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00Hrs on ***25th January 2023*** at **Gosaikunda Rural Municipality**, **Office of the Rural Municipal Executive, Syafrubensi, Rasuwa.**
7. Office reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.

| S.N | Contract ID No./ Description | Bid Security Amount (NRs) | Estimated Amount Without VAT and PS (Nrs) | Last Date of Bid Purchase | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | GRM/NCB-04/2079-080 Construction of Physical Infrastructure for the proposed Model School of Komin | 260000 | 85,64,718.29 | 16:00 Hrs on 24th January, 2023 | 12:00 Hrs on 25th January, 2023 | 13:00 Hrs on 25th January, 2023 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘लोभले लाभ, लाभले विलाप’

‘लोभले लाभ, लाभले विलाप’, ‘राजनीतिमा कोही पनि स्थायी शत्रु हुँदैनन्’ । यी दुई चर्चित भनाइ नेपाली राजनीतिमा फेरि एकपटक सत्य सावित भएको छ । आइतबार विगत दुई वर्षदेखिको गठबन्धन तोडेर नयाँ गठबन्धनबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री नियुक्त हुँदा यी दुई भनाइ वास्तविकतामा परिणत भएका हुन् । जसमा पहिलो भनाइ नेपाली कांग्रेस र दोस्रो नेकपा एमाले–माओवादी केन्द्रको हकमा लागू भएका छन् ।

गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनबाट पहिलो दल बनेको कांग्रेस मुखमा आइसकेको अवसर गुमाउँदै शून्यतामा झरेको छ । कांग्रेसले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुखलगायत महत्त्वपूर्ण पद गुमाउनुपर्‍यो । साथै, प्रदेश प्रमुख र अधिकांश प्रदेशमा आफ्नो नेतृत्वमा सरकार बनाउने अवसरसमेत गुमाएको छ । यसको प्रमुख कारण हो, गठबन्धन जोगाउन नसक्नु । गठबन्धन नजोगिनुको कारण राष्ट्रपति, प्रधानमन्त्रीलगायत महत्त्वपूर्ण पद कांग्रेस आफैंले राख्ने अडान नछाड्नु । कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको छैटौं पटक प्रधानमन्त्री बन्ने अड्डी र पहिलो दल भएकाले सरकारको नेतृत्व तथा महत्त्वपूर्ण पद आफैंसँग राख्न दबाब दिने कांग्रेस नेताहरूकै कारण अन्ततः गठबन्धन तोडिन पुग्यो, र कांग्रेस शून्यमा झर्नुपर्‍यो ।

चुनावमा गठबन्धनको साथबाट पहिलो दल बनेको यथार्थलाई नकार्नु कांग्रेसको महाभूल सावित भयो । सबै पद आफैंसँग राख्न खोज्ने लोभकै कारण कांग्रेसले यो दूर्दशा भोग्नुपर्‍यो । त्यसैले ‘लोभले लाभ, लाभले विलाप’ भन्ने भनाइ कांग्रेसको हकमा मेल खान पुगेको हो । कांग्रेसले प्रधानमन्त्री पद नछाड्ने अडान कसेकै कारण माओवादी अध्यक्ष दाहाल एमालेसँगको गठबन्धनमा लागेर प्रधानमन्त्री बन्न पुगे । चुनावबाट ३२ सिट जितेर तेस्रो शक्ति बनेको माओवादी सत्ता समीकरणमा निर्णायक शक्ति रहेको यथार्थलाई कांग्रेसले आकलन गर्न सकेन ।

अर्कोतर्फ तत्कालीन नेकपाबाट छुट्टिएपछि तीक्ततापूर्ण सम्बन्धमा रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष दाहालबीच अकस्मात भएको पुनर्मिलनले माथि उल्लिखित दोस्रो भनाइलाई पुष्टि गरेको छ । वास्तवमै राजनीतिमा स्थायी शत्रु हुँदैनन् भन्ने कुरा ओली–दाहालको पुनर्मिलनले देखाएको छ । हिजोसम्म एकअर्काका चर्का आलोचक दुई नेता अन्ततः एकै ठाउँमा उभिएर सत्ताको चाबी हातमा लिए । यो गठबन्धनले संघीय सरकारमात्रै होइन, अब सातवटै प्रदेशमा सरकार बनाउने निश्चित बनेको छ ।

यद्यपि, एमाले–माओवादीसहितको नयाँ गठबन्धन लामो समय नजाने टिप्पणी भइरहेको छ । विगतलाई हेर्ने हो भने यो गठबन्धन जुनसुकै बेला टुट्न सक्नेमा शंका छैन । अझ पछिल्लो निर्वाचनबाट उदाएका नयाँ दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीसँगै राजतन्त्र र हिन्दूराष्ट्र पुनःस्थापनाको कट्टर पक्षधर राष्ट्रिय प्रजातन्त्र पार्टीसमेत गठबन्धनमा सामेल छ । त्यसैले गठबन्धनको आयुमाथि प्रश्न उठ्नु स्वाभाविक छ ।

मंसिर ४ को चुनावमा जनताले कुनै पनि दललाई बहुमत दिएन । यसको अर्थ सबै दल मिलेर सत्ता चलाउने जनादेश पाएको छ । सोहीअनुसार दलहरूले आगामी पाँच वर्ष काम गर्नुपर्ने देखिन्छ । पहिलो दल बनेको दम्भले अघिल्लोपटक एमालेले दुई तिहाइको सरकार गुमाउनुपरेको तथा अहिले कांग्रेसलाई शून्यमा पुर्‍याएका उदाहरणलाई नयाँ गठबन्धनका दलहरूले मनन् गर्नुपर्छ । आफूलाई मात्रै सम्पूर्ण ठान्ने प्रवृत्ति त्यागेर मुलुक र जनताको आवश्यकता पूरा गर्नेतर्फ ध्यान जाओस् ।

## मनन्योग्य

### चाणक्य नीति

शकटारले जवाफ दिए- ‘ पर्सि बिहान नन्दको दरवारमा सभा लाग्छ, राज्यको साप्ताहिक समीक्षा हुन्छ । तिमी त्यहीं नन्दको रूप देख्न सक्नेछौ ।’ यति भनी शकटार दरवारतिर हिंडे ।

विहानको समय स्नान, ध्यानबाट निवृत्त भएर चाणक्य आफ्ना कुटीबाहिर घुमफिर गर्दै थिए विचार-विचारमै मगधको भविष्य निर्णित गरेजस्तै ।

कुटीदेखि टाढा रथ रोकिएको आवाजले विचारधारा भंग भयो । शकटार आइरहेका रहेछन्, चोणक्य उनके प्रतीक्षामा थिए । शकटारलाई प्रणाम गरी रथमा चढेर उनकै साथ राजभवनतिर प्रस्थान गरे ।

मगधको राजपथ सफा पीडा दुवैतिर ठूलाठूला वृक्ष छाया दिएका निकै अगाडि पुगेपछि उनीहरू सहरी क्षेत्रमा प्रवेश गरे ठूलाठूला बाटा, रामा बादली र बज्रले निर्मित भवन, बाटामा नानारंगका वस्त्र लगाएका नागरिकले मगधको भव्यतालाई प्रदर्शन गरिरहेका थिए । बिहानी समय हुँदा मन्दिरमा घण्टको मीठो ध्वनि, बेदमन्त्रका उच्चारणको स्वर सुनिन्थ्यो। सूर्य पनि आफ्नो ताम्रवर्ण छाडेर पूर्ण तेजिलो रूपमा आइसकेका थिए ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए । रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे । क्रमश :

# पुनरुत्थानको बाटोमा पर्यटन



सिबी अधिकारी

कोरोना महामारीका कारण सन् २०१९ को तुलनामा २०२० मा विदेशी पर्यटक आगमनको संख्या ८० प्रतिशतले घटेर दुई लाख ३० हजार ८२ मा सीमित भयो । महामारीको असर सन् २०२१ मा पनि देखियो । सन् २०२१ मा अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनको संख्या ३४.८७ प्रतिशतले घट्यो भने सन् २०१९ को तुलनामा ८७ प्रतिशतले घटेको थियो । यद्यपि, सन् २०२२ को ११ महिनामा नेपाल आएका पर्यटकको संख्या हेर्ने हो भने यसमा सुधार देखिएको छ । सन् २०२१ को तुलनामा यस वर्षको नोभेम्बरसम्म २६६ प्रतिशतले पर्यटक आगमन बढेको छ ।




कोरोना महामारीका कारण पछिल्लो दुई वर्ष निकै सुस्ताएको नेपालको पर्यटन क्षेत्र फेरि एक पटक उठ्ने प्रयासमा छ । विदेशी मुद्रा आर्जन गर्ने माध्यमसमेत रहेको पर्यटन क्षेत्रमा देखिएका पछिल्लो केही तथ्यांकले यो पुनरुत्थानको चरणमा रहेको संकेत गरेका छन् । सन् २०२० मा नेपाल भ्रमण वर्ष मनाउने र २० लाख पर्यटक ल्याउने सरकारको योजना कोरोना महामारीका कारण सम्भव हुन सकेन । यसका कारण सन् २०१९ को तुलनामा २०२० मा विदेशी पर्यटक आगमनको संख्या ८० प्रतिशतले घटेर दुई लाख ३० हजार ८२ मा सीमित भयो । कोरोना महामारीको असर सन् २०२१ मा पनि देखियो । सन् २०२१ मा अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनको संख्या ३४.८७ प्रतिशतले घट्यो भने सन् २०१९ को तुलनामा ८७ प्रतिशतले घटेको थियो । यद्यपि, सन् २०२२ को ११ महिनामा नेपाल आएका पर्यटकको संख्या हेर्ने हो भने यसमा सुधार देखिएको छ । सन् २०२१ को तुलनामा यस वर्षको नोभेम्बरसम्म २६६ प्रतिशतले पर्यटक आगमन बढेको छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने सन् २०२० मा आएका पर्यटकको संख्या हेर्दा पर्यटन क्षेत्र पुनरुत्थानको बाटोमा रहेको भन्न सकिने तर्क गर्छन् । ‘तथ्यांक हेर्दा पर्यटक आगमन सुधारको दिशामा छ, यो आगमनको आँकडाले पुनरुत्थानको संकेत गर्छ,’ उनले भने । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष निलहरि बाँस्तोला विदेशी पर्यटक आगमन, नेपालमा औसत बसाइँ अवधि र प्रतिदिन औसत खर्च पनि बढेको बताउँछन् । ‘सन् २०२२ मा पर्यटकको संख्या बढेको छ तर लक्ष्य हासिलका लागि हालको पर्यटन प्रवर्द्धन रणनीतिमा सुधार गर्दै प्रभावकारी प्रचारप्रसारमा ध्यान दिनुपर्छ,’ उनले भने ।

होटल संघ नेपाल (हान)का प्रथम उपाध्यक्ष विनायक शाह पछिल्लो समय पर्यटक आगमन बढेको र नेपालमा पनि पर्यटन क्षेत्रमा लगानी बढिरहेको बताउँछन् । ‘पर्यटक आगमन आगामी दिनमा अझै बढ्ने देखिन्छ, त्यसैले होटललगायतका पर्यटकीय पूर्वाधारमा पनि उल्लेख्य मात्रामा लगानी बढिरहेको छ,’ उनले भने, ‘आजका दिनमा नेपालमा वार्षिक २५ लाखभन्दा बढी पर्यटकलाई सेवा दिनसक्ने होटल पूर्वाधार बनिसकेका छन् ।’

उनका अनुसार होटलमा स्वदेशी र विदेशी लगानी बढिरहेको छ भने हाल सञ्चालनमा रहेका होटलमा ५० हजारभन्दा बढी शयचा छन् । नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष रमेश थापाले विभिन्न चुनौतीका बाबजुद पनि पर्यटक आगमन सकारात्मक देखिएको भन्दै यसले पर्यटन पुनरुत्थानमा मद्दत पुग्ने बताए ।

‘विदेशी पर्यटक बढाउन प्रमुख विषय कनेक्टिभिटी हो, यसका लागि स्वदेशी र विदेशी जहाजको उडान संख्या बढाउनुपर्छ,’ उनले भने, ‘राष्ट्रिय ध्वजावाहक जहाजलाई सबल बनाउँदै हवाई भाडादर पनि सस्तो बनाउनुपर्छ ।’ विशेषगरी छिमेकी मुलुक भारत र चीनमा मात्रै प्रभावकारी प्रचारप्रसार गर्न सक्ने हो भने नेपालमा लक्ष्यअनुसार विदेशी पर्यटक ल्याउन सकिने पर्यटनविज्ञ बताउँछन् । नेपालमा आउने कूल पर्यटकमा भारत र चीनका पर्यटकको हिस्सा र क्रमशः पहिलो र दोस्रो स्थानमा छ । तथ्यांकअनुसार भारतबाट प्रत्येक वर्ष करिब ८० लाख पर्यटक र चीनबाट प्रत्येक वर्ष १५ करोडभन्दा बढी पर्यटक विश्वका विभिन्न देशमा घुम्न निस्कने गरेका छन् । यसमध्ये दुई प्रतिशत पर्यटक मात्रै नेपाल ल्याउन सक्ने हो भने ३० लाखभन्दा बढी पर्यटक प्रत्येक वर्ष नेपाल आउने विज्ञहरूको भनाइ छ ।

#### नेपाल भ्रमण दशक

कोरोना महामारीका कारण स्थगित भएको नेपाल भ्रमण वर्ष २०२० मा पर्यटक आगमनको संख्या न्यूनमात्रै भयो । यसले नेपालको पर्यटक विकासको गतिलाई सुस्त बनायो । यसैबीच सरकारले सन् २०२३ देखि २०३३ सम्मलाई नेपाल भ्रमण दशकका रूपमा मनाउने योजना अनुरूप नेपाल पर्यटन दशकको रणनीतिक कार्ययोजना सार्वजनिक गरेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले शुक्रबार पत्रकार सम्मेलन गरी १० वर्षे कार्ययोजनाको प्रस्तावित कार्यक्रमबारे जानकारी दिएका हुन् । कोभिड महामारीबाट प्रभावित बनेको पर्यटन क्षेत्रको दीर्घकालीन सोचसहितको पुनरुत्थान आवश्यक भएकाले पर्यटन दशकको अवधारणा ल्याइएको बताउँदै मन्त्री श्रेष्ठले यस कार्यक्रमबाट विश्वपर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । सरकारले पर्यटन क्षेत्रको पुनरुत्थान योजनाअन्तर्गत नेपाल पर्यटन दशक (२०२३-२०३२) को रणनीतिक कार्ययोजना तयार गरेको हो ।

कार्ययोजनामा सन् २०३२ सम्ममा ३५ लाख विदेशी पर्यटक पुर्‍याउने लक्ष्य लिइएको छ भने सोही अवधिमा पर्यटन क्षेत्रमा थप १० लाख नयाँ रोजगारी सिर्जना गर्ने योजना छ । दशक कार्ययोजनाअन्तर्गत देशैभरि बहुपक्षीय पूर्वाधारको विकास गर्ने, पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्म पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुर्‍याउने लक्ष्य लिइएको छ ।

कोभिड-१९ महामारीबाट थलिएको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्ममा पर्यटन आगमनलाई २०१९ को पूर्ववत् अवस्थामा पुर्‍याउने र तत्पश्चात् पर्यटन आगमन प्रतिवर्ष १५ प्रतिशतको वृद्धि गरी वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको छ । यसका साथै प्रतिपर्यटक प्रतिनिधिन खर्च ४८ अमेरिकी डलरबाट १२५ पुर्‍याउनुका साथै देशको कूल गार्हस्थ उत्पादनमा पर्यटनको योगदानलाई १० प्रतिशतसम्म पुर्‍याउने लक्ष्य छ । पर्यटनमन्त्री श्रेष्ठले गत साउनमा ७४ बुँदे कार्ययोजना सार्वजनिक गर्दै नेपाल भ्रमण दशकको अवधारणा ल्याएका थिए ।

मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थानका लागि नेपाल भ्रमण दशकमार्फत धेरैभन्दा धेरै विदेशी पर्यटक ल्याउने लक्ष्यसहित योजना ल्याइएको थियो । मन्त्रालयका सहसचिव एवं प्रवक्ता राजेन्द्रकुमार केसीले पर्यटन पुनरुत्थानको कार्ययोजना अन्तर्गत नेपाल भ्रमण दशक कार्यक्रमको कार्यविधि बनाउने चरणमा रहेको बताए । ‘नेपाल भ्रमण दशक मनाउने गरी सरकारले सैद्धान्तिक स्वीकृति दिएको हो । सोहीबमोजिम मन्त्रालयले कार्यविधि बनाउन छलफल गरिरहेको छ,’ उनले भने । कार्यविधि बनाएपछि कार्यान्वयनको पाटो कस्तो हुने र कुन विधि अपनाउने भन्नेबारे छिट्टै टुंगो लगाइने उनको भनाइ छ ।

#### आम्दानीमा पनि सुधार

विदेशी मुद्रा आर्जन गर्ने माध्यमका रूपमा पर्यटन क्षेत्रलाई पनि लिइन्छ । यद्यपि, पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गन्तव्य हुँदा पनि नेपालले अपेक्षाकृत डलर आम्दानी भने गर्न सकेको छैन । पर्यटकीय पूर्वाधारमा कमी, ‘कनेक्टिभिटी’को अभाव तथा प्रचारप्रचारमा भएको कमीले लक्ष्यअनुसारको आम्दानी भने हुनसकेको छैन । नेपाल राष्ट्र बैंकका अनुसार चालु आवको चार (साउनदेखि कात्तिक) महिनामा नेपालले पर्यटन क्षेत्रबाट १७ अर्ब ९५ करोड ९० लाख ६० हजार आम्दानी गरेको छ । जुन गत आवको चार महिनाको तुलनामा १३६.९४ प्रतिशतले बढी हो ।

गत आवको चार महिनामा नेपालले पर्यटन क्षेत्रबाट सात अर्ब ५७ करोड ९० लाख ५० हजार आम्दानी गरेको थियो । राष्ट्र बैंकका अनुसार नेपालले कोरोना महामारीका कारण लकडाउन भएको आव २०७७/७८ को चार महिनामा एक अर्ब ८८ करोड ८० लाख ३० हजार रूपैयाँ मात्रै आम्दानी गरेको थियो । जबकि विश्वमा कोरोना संक्रमण पुष्टि हुनुभन्दा अघि अर्थात् आव २०७६/७७ को चार महिनामा २७ अर्ब १४ करोड ३० लाख २० हजार आम्दानी भएको थियो । आव २०७६/७७ को चार महिनाको तुलनामा आव २०७९/८० को सोही अवधिमा पर्यटन क्षेत्रबाट भएको आम्दानी ६६ प्रतिशतले रिकभर भएको देखिन्छ ।

#### औसत बसाइमा सुधार

नेपाल भित्रिने विदेशी पर्यटकको औसत बसाइँ १५ दिन रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तथ्यांक छ । पछिल्लो पाँच वर्षमा पर्यटकको बसाइँ औसत दिन क्रमशः बढिरहेको छ । मन्त्रालयले प्रकाशन गरेको ‘टुरिज्म इस्टास्टिक्स-२०२१’ अनुसार सन् २०२१ मा विदेशी पर्यटकको औसत बसाइँ १५.५ दिन थियो भने सन् २०२० मा १५.१ सरदर बसाइँ थियो । त्यस्तै सन् २०१९ मा १२.७ दिन, सन् २०१८ मा १२.४ दिन र सन् २०१७ मा १२.६ सरदर बसाइँ थियो ।

#### बढ्दो कनेक्टिभिटी

कोरोना महामारी सुरु हुनुअघि नेपाल भित्रनका लागि एउटा मात्रै अन्तर्राष्ट्रिय विमानस्थल थियो । त्यसबाहेक केही पर्यटक भारतीय सीमाबाट स्थलगत मार्ग हुँदै नेपाल आउने गरेका थिए । तर, यतिबेला भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ भने आगामी पुस १७ गते पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको तयारीमा छ । यसअघि काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँग वार्षिक ९२ लाख यात्रुलाई सेवा दिने रहेकोमा दुई नयाँ विमानस्थल सञ्चालनमा आएसँगै यात्रु क्षमता थप २० लाखले बढेको छ । भैरहवास्थित विमानस्थलको वार्षिक ३५ लाख यात्रुलाई सेवा दिने क्षमता छ भने पोखरास्थित विमानस्थलले वार्षिक आठ लाख यात्रुलाई सेवा दिनसक्ने नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

#### ७५ प्रतिशत “रिकभर”को प्रक्षेपण


नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०२२ मा पर्यटक आगमन सन् २०१९ को तुलनामा ७५ प्रतिशतले ‘रिकभर’ गर्ने लक्ष्य लिएको बताए । यद्यपि, उक्त लक्ष्य पूरा हुनेमा कठिन देखिन्छ । सन् २०२२ को ११ महिनामा पाँच लाख ४९ हजार पर्यटक आएका छन् । जबकि, सन् २०१९ मा ११ लाख ९७ हजारभन्दा बढी पर्यटक नेपाल आएका थिए । बोर्डले लिएको लक्ष्यअनुसार ७५ प्रतिशतको ‘रिकभर’ हुनका लागि नेपालमा सन् २०२२ मा नौ लाख पर्यटक आउनुपर्छ । जबकि, डिसेम्बर महिनामा मात्रै तीन लाख ५० हजार पर्यटक आउनुपर्छ । जुन औसत तथ्यांक हेर्दा कठिन देखिन्छ ।

#### पञ्चवर्षीयको लक्ष्य पूरा कठिन

हाल १५औं पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनमा छ । पञ्चवर्षीय योजना आव २०७६/७७ मा सुरु भई २०८०/८१ मा पूरा हुन्छ । पञ्चवर्षीय योजना अवधिमा सरकारले नेपालमा विदेशी पर्यटक आगमन वार्षिक ३५ लाख पुर्‍याउने र प्रतिपर्यटक औसत खर्च ४८ बाट बढाएर १०० डलर बनाउने योजना उल्लेख गरेको थियो । जुन कोरोना महामारीलगायतका कारणले पूरा कठिन देखिन्छ । साथै, कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान २.७ प्रतिशतबाट बढाएर १० प्रतिशत बनाउने लक्ष्य पनि पूरा हुन कठिन देखिन्छ । यद्यपि, पर्यटकको औसत बसाइँ १५ दिन बनाउने लक्ष्य भने पूरा भइसकेको छ । *रासस*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# ‘शीतलहर र हिमपातबाट जोगिऔं’




■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शीतलहर र हिमपातको जोखिमबाट बच्न आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले केही समययता चिसोसँगै शीतलहर र हिमपातले जनजीवनमा असर पार्ने भएकाले त्यसबाट बच्न आग्रह गरिएको जानकारी दिए ।

काठमाडौंमा आइतबार यस वर्षकै सबैभन्दा बढी चिसो मापन गरिएको थियो । यहाँको न्यूनतम तापक्रम आइतबार ४.५ डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

चिसोबाट बच्न शरीरको सबै भाग ढाक्नेगरी बाक्लो तथा न्यायो लुगा लगाउन, कोठा न्यानो पार्न र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था गर्न मन्त्रालयले आग्रह गरेको छ । शीतलहर र हिमपातबाट बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीलाई बचाउनुपर्दछ ।

यस्तै आमाको दूध खाने बच्चालाई नियमितरूपमा स्तनपान गराउन, तातो तथा पोषिलो झोल पदार्थ प्रशस्तमात्रामा सेवन गराउन र धूमपान तथा मध्यपान नगर्न मन्त्रालयको आग्रह छ । शीतलहर तथा चिसोमा मुटु रोग, हृदयघात, फोक्सो तथा श्वासप्रश्वासमा समस्या, बालबालिका तथा ज्येष्ठ नागरिकमा निमोनिया, ज्वरो आउने, झाडापखला लाग्ने, दम बढ्ने, रुघाखोकी, घ्यारघ्यार, श्वास फेर्न कठिनाइ हुनेजस्ता समस्या देखिने गर्दछन् ।

मन्त्रालयले यस्ता समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गर्दै सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला, ब्रिकेट, आदि बाली झ्याल ढोका बन्द गरेर नसुत्नसमेत आग्रह गरेको छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०७९/०८/२९ गते निम्न विवरणको रातो, कालो रङको पल्सर 250ccको मोटरसाइकल गोकर्णेश्वर ६ नयाँबस्ती स्थीत सडकमा पार्किङ गरिराखेको अवस्थामा साँझको करिब ५:३० बजे चोरी भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : सुशिल तामाङ**
**बाइक नं. : बा.प्र -०२-३६ प ०९९३**
**च्यासिस नं.:** MD2A13EX8CK80873
**इन्जिन नं. :** DKXCNK35248
**ठेगाना : का.म.न.पा.-१०, बुद्धनगर**
**मो. : ९८५१२२९८१७**

## देउवाको दम्भ...

पृष्ठ १ बाट जारी

गुमाउन पुगेको छ । सबै प्रदेशमा गठबन्धनकै सरकार बन्ने अवस्था भएकोले कांग्रेसले कुनै पनि पद नपाउने स्थिति बनेको हो । सबै पद आफैंले राख्ने देउवाको ‘दम्भ’ले कांग्रेसलाई क्षति पुगेको कांग्रेसका एक नेताले बताए ।

**प्रदेशमा पनि कांग्रेस शून्य**

संघमा सत्ता गुमाएको कांग्रेस प्रदेशमा पनि शून्य हुने भएको छ । गठबन्धन जोगाएको भए कांग्रेसले संघमा महत्त्वपूर्ण पदहरूसहित कम्तीमा चारवटा प्रदेश सरकारको नेतृत्व गर्ने निश्चित थियो । तर, अब कांग्रेसको एउटा प्रदेशमा पनि सरकार बन्ने सम्भावना छैन ।

प्रदेश १ मा गठबन्धनले ६० सिटसहित सरकार बनाउने देखिएको छ । ९३ सदस्यीय संसद्मा एमालेको ४०, माओवादीको १३, राप्रपाको छ र जसपाको एक सिट रहेका छन् । प्रदेश १ सरकार गठन गर्न ४७ सिट चाहिन्छ ।

मधेस प्रदेशमा कूल १०७ सांसद रहेका छन् । गठबन्धनलाई सरकार बनाउन ५४ सिट चाहिन्छ । यहाँ एमालेका २३, जसपाका १६, जनमतका १३, माओवादीका आठ, राप्रपाका एक र नागरिक उन्मुक्तिका एक गरी ६२ सांसद रहेका छन् । यसले गर्दा मधेसमा पनि एमाले नेतृत्वकै गठबन्धनको सरकार बन्ने भएको छ ।

कूल ११० सदस्य रहेको बाग्मती प्रदेशमा सरकार बनाउन ५६ जना आवश्यक हुन्छ । एमालेका २७, माओवादीका २१ र राप्रपका १३ गरी ६१ जना सांसद पुग्छ । एमाले नेतृत्वको गठबन्धनलाई सरकार बनाउन सहज संसदीय गणित यहाँ देखिएको छ ।

यस्तै, ६० सदस्यीय गण्डकी प्रदेश संसद्मा सरकार गठन गर्न ३१ सांसद चाहिन्छ । त्यहाँ एमालेका २२, माओवादीका सात र राप्रपाका दुई जना गरी ३१ सांसद पुग्छ । यो सरकार गठनका लागि आवश्यक बहुमत हो ।

लुम्बिनी प्रदेशमा ८७ सदस्यीय प्रदेशसभा छ । यहाँ सरकार गठन गर्न ४४ सांसदको समर्थन आवश्यक पर्छ । यहाँ पनि एमाले नेतृत्वको गठबन्धनले बहुमत जुटाउन सक्छ । एमालेका २९, माओवादीका नौ, जसपाका तीन, राप्रपाका चार, जनमतका तीन र नागरिक उन्मुक्तिका चार गरी ५२ सांसद गठबन्धनमा छन् ।

कर्णाली प्रदेशमा पनि गठबन्धनकै सरकार बन्ने देखिन्छ । कर्णालीमा कूल ४० सदस्यीय संसद्मा २१ सांसदले सरकार बन्ने भए पनि गठबन्धनसँग २४ जना सांसद छन् । एमालेका १०, माओवादीका १३, राप्रपाका एक जना सांसद छन् । यो सरकार गठनका लागि पर्याप्त बहुमत हो ।

कांग्रेस सभापति देउवाको गृहप्रदेश सूदुरपश्चिममा एमाले गठबन्धनकै सरकार बन्ने देखिएको छ । ५३ सदस्यीय प्रदेश संसद्मा गठबन्धनलाई सरकार बनाउन २७ सांसदको समर्थन चाहिन्छ । माओवादीका ११, एमालेका १०, नागरिक उन्मुक्तिका सात र राप्रपाका एक गरी २९ सांसद गठबन्धनसँग रहेका छन् ।

## मादमे खोला हाइड्रोपावर लिमिटेड
मध्य वानेश्वर, काठमाण्डौं ।

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०७९/०९/११**

यस कम्पनीको संचालक समितिको मिति २०७९ पौष ७ गतेको निर्णय अनुसार प्रथम वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रथम वार्षिक साधारण सभा हुने मिति,समय र स्थान :**

मिति :- २०७९ पौष २९ गते शुक्रवार (तदनुसार १३ जनवरी, २०२३)
समय :- दिनको १ बजे
स्थान :- हार्दिक होटल, वागवजार , काठमाण्डौं ।

**प्रथम वार्षिक साधारण सभाका प्रस्तावहरू**

**१. सामान्य प्रस्तावहरू**
क) कम्पनीको तर्फ वाट कार्यकारी अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०७८/७९ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०७९/८० को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धी ।
ङ) संचालक समितिको पुर्न गठन गर्ने सम्बन्धमा ।
च) कम्पनीको कर्मचारी प्रशासन विनियमवाली २०७९ र आर्थिक प्रशासन विनियमावली २०७९ अनुमोदन गर्ने ।
छ) कम्पनीको चालु आ.व. २०७८/७९ र आगामी आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

**२. विशेष प्रस्ताव**
क) कम्पनीको संचालक समितिमा १ जना अनिवार्य महिला सदस्य रहने गरि कम्पनीको नियमावली संशोधन गर्ने ।

**३. विविध : कम्पनीका यावत गतिविधीका समिक्षा गर्ने ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## सूचना ! सूचना !! सूचना !!!

यस **JASMINE OVERSEAS PVT.LTD.** (ई.प.नं. ८७४/०६६/०६७) मा कार्यरत **1. Binod Kumar Sardar (PRO)** पदमा यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

## बार्षिक साधारण सभामा गर्ने सम्बन्धीको सूचना !!!

यस गल्फ म्यानेजमेन्ट इन्टरनेशनल प्रा लि को यहि मिति २०७९/०९/२५ गते हुन गइरहेको बार्षिक साधारण सभामा यस कम्पनीका संचालक तथा शेयरधनी लाइ यस कम्पनी रजिष्ट्रार कार्यालयमा बिहान नौ बजे उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०९/११

यस कम्पनीको मिति २०७९/०८/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पाणिनी सारु निर्माण सेवा प्रा.लि. (प्रा.लि. नं. ३०२९४९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **पाणिनी सारु निर्माण एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **STANDARD MEDICAL AND NURSING SERVICES WLL**
पूर्व स्वीकृति मिति २०७९/०९/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१० LT. No. 277854 चलानी नं.६०१९३३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurses | 0 | 3 | 4500 | १६३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **RAJA ALLAH AWAD AL-TALHI FACTORY FOR INDUSTRY**
पूर्व स्वीकृति मिति २०७९/०८/१६ LT. No. 277066 चलानी नं. ६०१९३७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Heavy Equipment Mechanic | 1 | 0 | 1900 | ६६,९४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 5 | 0 | 1900 | ६६,९४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **YALE LOGISTICS HOLDINGS SDN. BHD.**
पूर्व स्वीकृति मिति २०७९/०४/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१० LT. No. 267681 चलानी नं. ६०१८३५७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal.
Tel:- +977-1-4389850,4389563 Mobile no:9807960966,9852682331
Fax:- +977-01-4389563 Email:-aseana.manpower@gmail.com
info@asenainternational.com,Website:- www.aseanainternational.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **LA MONTE MOULDING SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०९/०८ LT. No. 277826 चलानी नं. ६०१९३७४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **NIKKOLAC HOLDINGS SDN BHD**
पूर्व स्वीकृति मिति २०७९/०९/०८ LT. No. 277827 चलानी नं. ६०१९३७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 12 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL-SAQALAT UNITED FACTORY FOR ALUMINUM AND IRONSMITH**
पूर्व स्वीकृति मिति २०७९/०९/०८ LT. No. 278158 चलानी नं. ६०१९३७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Keeper | 1 | 0 | 140 | ६०,३८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver | 1 | 0 | 180 | ७७,६४० | | | | | | | |
| 3 | Forklift Drivers | 1 | 0 | 135 | ५८,२३० | | | | | | | |
| 4 | Scaffolders | 8 | 0 | 115 | ४९,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LOTUS Human Resourse Pvt. Ltd**
Govt Lic No. 780/065/066
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: lotushumanresource@wlink.com.np, info@lotushrnepal.com, Web: www.lotushrnepal.com

## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MUBARAK AL SALEH INTERNATIONAL SERVICE**
पूर्व स्वीकृति मिति २०७८/१२/१४ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१० LT. No. 260572 चलानी नं. ६०१८०६७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1000 | ३६,३९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1000 | ३६,३९० | | | | | | | |
| 3 | Supervisor | 2 | 0 | 5500 | २००,१५० | | | | | | | |

कम्पनी : **REAL FOOD PEOPLE SDN. BHD**
पूर्व स्वीकृति मिति २०७९/०७/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१० LT. No. 274979 चलानी नं. ६०१९०६१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 9 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Skills International Human Resource Pvt.ltd.**
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## हार्दिक श्रद्धाञ्जली

जन्म
वि.सं. २०२२



स्वर्गारोहण
वि.सं. २०७९/०९/०९

**स्व. प्रविण रत्न बज्राचार्य**

यस इम्पेरियल ओभरसिज प्रा.लि. का सञ्चालक **प्रविण रत्न बज्राचार्य**को मिति २०७९ पुस ०९ गतेका दिन ५७ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चीर शान्तिका लागि कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**इम्पेरियल ओभरसिज परिवार**
**सिनामंगल, गैरीधारा**

## तुनिशा मृत फेला

भारतीय टेलिशृंखला अभिनेत्री तुनिशा शर्मा मृत फेला परेकी छन् । शनिबार 'अली बाबाः दास्तान ए काबुल' को छायांकन सेटमा उनी मृत फेला परेकी हुन् । उक्त टेलिशृंखलामा उनी राजकुमारी मरियमको भूमिका निर्वाह गरिरहेकी थिइन् । भारतीय सञ्चार माध्यमका अनुसार उनी एक मेकअप कोठाको पंखामा झुन्डिरहेको अवस्थामा भेटिएकी हुन् । उनलाई तत्काल आनन–फानन अस्पतालमा लगिएको थियो जहाँ डाक्टरले मृत घोषित गरेका थिए ।



# पुस्तकमा छायाँमा परेकी यशोधाको पर्खाइ र त्याग

■ प्रभाव संवाददाता



**पोखरा–** पोखरामा जारी नेपाल लिटरेचर फेस्टिभल २०२२ मा हरिबोल काफ्लेद्वारा लिखित पुस्तक यशोधराको लोकार्पण भएको छ । सिद्धार्थ गौतमको बुद्ध बन्ने यात्रामा यशोधराको भूमिका तथा त्यागको कथा रहेको उपन्यास लोकार्पण गरिएको हो ।

पुस्तकबारे बोल्दै समीक्षक तथा चिकित्सक जीवन क्षेत्रीले यो पुस्तकले गौतम बुद्धका बारेमा भनिँदै सुनिँदै आएका कथामा खाली रहेका ठाउँहरू भरेको बताए । 'यो पुस्तक हातमा परेपछि पहिलेका खाली ठाउँ भरिएला भन्ने अपेक्षा थियो । जसमा लेखक सफल पनि हुनुभएको छ । सधैँ गौतम बुद्धको कोणबाट सुन्दै पढ्दै आएको कथा लेखकले यशोधराको कोणबाट लेख्नुभएको छ,' उनले भने ।

गौतम बुद्धसँगै पुस्तकले २५ सयदेखि तीन हजार वर्षअघिको सामाजिक अवस्था तथा द्वन्द्वको पनि चित्रण गर्ने उनले बताए । पुस्तकमा सिद्धार्थ गौतम र यशोधराले सँगै बिताएको समयमा केन्द्रित भएर यशोधराको कोणबाट यो पुस्तक लेखिएको छ । उनले भने, 'यशोधरा र सिद्धार्थ बिचको प्रेम, साथमा बिताएको १४ वर्ष, दुई जना साथ साथै हुँदा पनि रहेको मनोवैज्ञानिक दुरी, सामान्य मानवीय सम्बन्ध नहुँदाको पिडा, दुई बाट तीन पात्र हुँदा यशोधरा गुज्रिनु परेको मानसिक अवस्थाको चित्रण पुस्तकमा छ । जुन सबैभन्दा प्रभावकारी पक्ष पनि हो ।'

सिद्धार्थ गौतम गौतम बुद्धहुनुमा भूमिका र त्याग रहेकी यशोधरालाई इतिहासले बिर्सनु दुःखद कुरा रहेको पनि उनले जिकिर गरे । साथै यो पुस्तकमा लेखक काफ्लेले सशक्त रूपमा यशोधरालाई ल्याएको पनि उनले बताए ।

यशोधरा पढ्दै गर्दै आफूलाई सुरुमा प्रेम, वियोग र प्रतीक्षाको कथाजस्तो लागे पनि त्योभन्दा बढी यशोधराको बलिदानको कथा रहेको शीतल दाहालले बताइन् । उनले भनिन्, 'यो सिद्धार्थ गौतम भगवान नहुँदैको कथा हो । जहाँ एउटा लोग्ने घर छोडेर जान्छु भन्दा सामान्य परिवारमा अहिले जस्तो द्वन्द्व हुन्छ, त्यस्तै अथवा त्यो भन्दा ठूलो त्यतिवेला दरबारमा हुन्छ ।'

मानिसहरू धर्मसँग डराउने भएकाले पनि यशोधराको प्रेम सधैँ छायाँमा रहेको पनि उनले बताइन् । यशोधरा सिद्धार्थलाई एकदमै धेरै प्रेम गर्थिन् । यहाँसम्म कि बादलमा समेत सिद्धार्थकै आकार देख्थिन् । 'तर हामी धर्मसँग डराउँछौँ । यशोधरा र सिद्धार्थको प्रेमको बारेमा बोल्न डराउँछौँ । उनीहरूले प्रेग गरे, उनीहरूको प्रेमका कारण छोरो राहुल जन्मियो भन्न डराउछौँ । हामी सिद्धार्थ गौतम पनि हामी जस्तै सामान्य मान्छे थिए भन्ने बिर्सन्छौँ र गौतम बुद्धले प्रेम गर्ने? भन्छौँ । त्यसैले गर्दा इतिहासले यशोधराको प्रेम, त्याग र बलिदान लुकाइ रह्यो । हामी न गौतम बुद्धको बाटोमा जान सकेका छौँ । न त यशोधरालाई स्विकार्न सकेका छौँ,' उनले भनिन् ।

किताब सकिइसकेपछि यशोधरा पनि आफ्ना लागि तपस्वीजस्तो लागेको उनले बताइन् । उनले भनिन्, 'यशोधरा यस्तो प्रेमिका हो जो नआउने प्रेमीलाई पर्खेर बसेको छ । आउँदैन, आए पनि मलाई स्विकार्दैन भन्ने थाहा हुँदा हुँदै पनि पर्खेर बस्नु पनि तपस्या गर्नु जस्तो होइन ?' यस पुस्तकबाट हिन्दु र वैद्यिक सभ्यताका साथै सांख्य दर्शन, तत्कालीन समाजको चित्रण पनि गर्ने प्रयास गरेको यसका लेखक हरिबोल काफ्लेले बताए । उनले भने, यस पुस्तकमा सिद्धार्थ गौतम गौतम बुद्ध बन्ने प्रक्रियामा यशोधराको त्याग तथा पर्खाइको कथा त हो नै साथै यसले इतिहास, समाज, विविधताको परिकल्पना, तत्कालीन जीवन पद्धति, प्रताडनको अवस्थाको पनि चित्रण गर्न खोजेको छ ।

# अमिलो कागतीमा उषा र मनोज



**काठमाडौं (प्रस)–** गायक बिन्ती कुमार गुरूङले अमिलो कागती बोलको गीतको भिडियो लिएर आएका छन् । प्रवासमा रहेर पनि नेपाली कला र गीत संगीतलाई नजिकबाट नियालि रहेका गायक गुरूङले हालै सार्वजनिक गरेको 'अमिलो कागती'मा गायक बिन्ती र गायिका मेलिना राईको स्वर रहेको छ । जसमा गीतकार तथा संगीतकार दीपक शर्माको शब्द तथा संगीत रहेको छ ।

छायांकन बुद्ध थापा तथा सम्पादन विष्णु खड्काको रहेको छ । रायन कार्कीको निर्देशन रहेको भिडियोले एक प्रेमील जोडीको प्रेम र रोमान्सका रमाइला किस्साहरूसहित प्रेममा परेपछि मानिस कति खुशी हुन्छ भन्ने कुरालाई देखाएको छ ।

मौलिक शब्दमा सलल बगेको गीतमा पछिल्लो पुस्ताकी चर्चित मोडल उषा उप्रेती र मनोज गुरूङको अभिनय देख्न सकिन्छ । भिडियो 'होई मेरो संसार' , 'चु सैं ङल' , लगायतका गीतबाट चर्चा कमाएका गायक बिन्ती कुमारकै अफिसियल च्यानल ज्यासमिन क्रियसनबाट बजारमा आएको हो ।

# सुनिलको 'जुम्ला' सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** गायक सुनिल गिरीको जुम्ला बोलको गीतको भिडियो सार्वजनिक गरिएको छ । शुक्रबार राजधानीमा एक कार्यक्रमको आयोजना गर्दै गायक गिरीको भिडियो प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्र बहादुर शाही र डडेलधुराबाट प्रतिनिधिसभा उम्मेदवार बनेका सागर ढकालले संयुक्त रूपमा सार्वजनिक गरेका हुन् ।

हरेक पटक नयाँ र लोभलाग्दो स्थानमा पुगेर नयाँपन सहित म्यूजिक भिडियो ल्याउँदै आएका गायक गिरीले यसपटक जुम्ला नै पुगेर छायांकन गरेको भिडियोमा टिकटक स्टार मिस पवी र रोशन केसीको अभिनय देख्न सकिन्छ । भिडियोमा जुम्लाको स्थानीय रहनसहन, भेषभुषा र एब प्रेमील जोडीको रमाइलो प्रेमको किस्सालाई कलात्मक शैलीमा देखाइएको छ । अमन निलसागर र गायक गिरीकै शब्द रहेको गीतको छायांकन बिबेक बिकले गरेका हुन् भने भिडियोको सुम्पादन मनोज कार्कीले गरेका हुन् ।

शिशिर खातीले निर्देशन गरेको भिडियो सार्वजनिक समारोहमा बोल्दै सांसद शाहीले गायक गिरी र उनको टिमको प्रशंसा गरे । उनले जुम्ला भिडियोले नेपालको दुर दराजको सुन्दरताको वर्णन गरेको बताए । त्यस्तै ढकालले आँफुले नजिकबाट निहालेको जुम्लालाई म्यूजिक भिडियोमा देख्न पाउँदा खुशी लागेको बताए । त्यस्तै सर सफाई अभियन्ता केपी खनालले जुम्ला गीत भित्र देश र भेष भएको बताए । उनले भिडियोले नमुना गाउँ देखाउने जुम्ला टिमको खुलेर प्रशंसा गरे ।

## रंगशाला

**नेपाल टी-२० फ्रेन्चाइज लिग**

# जनकपुर र लुम्बिनी विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा जारी नेपाल टी–२० लिगको दोस्रो दिनको खेलमा जनकपुर रोयल्स र लुम्बिनी अलस्टारले जित हात पारेका छन् । आइतबारको पहिलो खेलमा लुम्बिनी अल स्टारले विराटनगरलाई पराजित गरेको हो भने दोस्रो खेलमा जनकपुरले पोखरालाई पराजित गरेको हो ।

त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आइतबार पोखरा एभेन्जर्सलाई ५ विकेटले हराउँदै जनकपुरले सुखद सुरुआत गरेको हो । पोखराको भने यो लगातार दोस्रो हार हो । पहिलो खेलमा पोखरालाई काठमाडौं नाइट्सले हराएको थियो । पोखराले दिएको १ सय ३९ रनको लक्ष्य जनकपुरले १७ ओभर ४ बलमा ५ विकेट गुमाएर १ सय ३९ रन जोड्दै पूरा गर्‍यो ।

जनकपुरको जितमा सन्दीप जोराले अविजित रहदै सर्वाधिक ४० रन बनाए । यस्तै सागर पुनले ३८ रन जोड्दा चाडविक वाल्टनले १९ रन बनाए । पोखराका जाहिर खानले ३ तथा मौषम ढकाल र शरद भेषवाकरले १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पोखराले १९.४ ओभरमा अलआउट हुदै १ सय ३८ रन बनाएको थियो । पोखराका लागि आसिफ शेखले ५० रनको अर्धशतकीय ईनिङ खेले । सिद्धान्त लोहनीले २९ तथा अमिर हम्जाले १८ रन बनाए । प्रतिश जिसीले २८ रन बनाउँदा उसका अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

जनकपुरका लागि केसरिक विलियम्स ३ तथा शरफुदिन असरफ,पवन सराफ र ललित राजवंशीले समान २/२ विकेट लिए । यस जितसँगै जनकपुरले पहिलो खेलमा २ अंक जोडेको छ । जनकपुर तेस्रो स्थानमा रहेको छ । पोखराले दुई खेलमा अंक जोड्न सकेको छैन । अंक विहीन पोखरा पाँचौं स्थानमा रहेको छ ।

त्यसअघि आइतबारै सम्पन्न पहिलो खेलमा लुम्बिनी अल स्टारल बिराटनगरलाई २ रनले पराजित गर्दै दोस्रो जित हात पारेको छ । लुम्बिनीले दिएको १ सय ५८ रनको लक्ष्य बिराटनगरले २० ओभरमा ६ विकेट गुमाएर १ सय ५५ रन मात्र बनायो ।

बिराटनगरका लागि हुसेन तलातले सर्वाधिक २९ रन बनाए । यस्तै रोहित कुमार पौडेलले २५ रन, सिकन्दर राजा १७ रन र अर्जुन साउद १० रनमा आउट भए । पृथु बास्कोटाले १८ रन बनाए । यता लुम्बिनीका लागि किशोर महतोले २ विकेट लिए । सागर ढकाल, गुलसन झा, दिपेन्द्र सिहं ऐरी र प्याट ब्रोनले समान १/१ विकेट लिए । त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर पहिलो ब्याटिङ सुरु गरेको लुम्बिनीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ५७ रन बनायो ।

लुम्बिनीका लागि लाहिरू मिलन्थाले सानदार ब्याटिङ गरे । उनले ६३ बलमा ५ चौका र ४ छक्काको सहयोगमा अविजित ८० रनको अर्धशतकीय इनिङ खेले । उनको यो लिगमा लगातार दोस्रो अर्धशतक हो । यस्तै कुशल भुर्तेल २६ रनमा आउट हुँदा कप्तान दिपेन्द्र सिहं ऐरीले १६ रन बनाए । बिपुल शर्मा ११ रन र अनिल शाह ६ रनमा आउट भए । यता बिराटनगरका लागि नन्दन यादव,हुसेन तलात, शाहब आलम, आन्द्रे म्याकार्थी र सिकन्दर राजाले समान १/१ विकेट लिए ।

## Bheemdatt Municipality
### Office of Municipal Executive
### Kanchanpur
### Sudurpashchim Province, Nepal

## INVITATION FOR BID

**(Date of Publication: 2079/09/11)**

1. Bheemdatt Municipality, Office of Municipal Executive,Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works.

| Contract Number | Description and Location of Work | Estimated Amount without VAT | Bid Security Amount | Bid Documents Fee |
|---|---|---|---|---|
| 14/MBP/2079/080 | Maintenance works of bheemdatt park at ward no.18 | NPR-19,04,761.90 | NPR- 55,000.00 | NPR-3,000.00 |
| 15/SBP/2079/080 | Procurement of Fabricated Steel Parts for Khaniya Khola Ward no. 01 ( Dharm Tole Shanti Tole ) Suspension Bridge | NPR-18,39,478.51 | NPR- 52,000.00 | NPR-3,000.00 |
| 16/RUI/2079/080 | Improvement & Upgrading of Road, Ward no. 06 ( Shantiniketan - Ram Mandir Road ) | NPR-83,29,065.19 | NPR- 2,40,000.00 | NPR-3,000.00 |

2. Deadline for Bid Purchasing, Submission and Opening:

| Submission of Bid | | Opening of Bid | | Revenue Account No- | 0980133894500011 | Bank | NMB Bank, Mahendranagar |
|---|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Name of Office | Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur | | |
| 11 Magh 2079 | 12:00 Noon | 11 Magh 2079 | 13:00 PM | Deposit Account No- | 4180100303000002 | | |
| | | | Name of Office | Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur | | | |
| | | | Bank | Rastriya Banijya Bank, Mahendranagr | | | |

3. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099521322,521167) or may visit PPMO's website,http://bolpatra.gov.np/egp .

**Chief Administrative Officer**



**क्रिसमसको उत्सव** | लेबनानको बेरुतस्थित एउटा सपिङ मलमा सजाइएको विशाल 'क्रिसमस ट्री'सहित विभिन्न प्रदर्शनी हेर्न झुम्मिएका मानिसहरू । *तस्बिर: सिन्ह्वा*

# पाकिस्तानी प्रधानमन्त्रीका छोराविरुद्ध अनुसन्धान जारी राख्न आदेश



**पाकिस्तान (लाहोर)-** पाकिस्तानको राष्ट्रिय जवाफदेही ब्यूरो (एनएबी) को लाहोरस्थित एक अदालतले सुलेमान शहबाजलाई सम्पत्ति शुद्धीकरण मुद्दामा जनवरी ७ सम्मका लागि अन्तरिम जमानत उनलाई सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानमा सामेल गर्न निर्देशन दिएको छ ।

उनलाई सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानमा सामेल गर्न निर्देशन दिइएको हो । अदालतले उहाँलाई अनुसन्धानमा संलग्न हुन पनि आदेश दिएको छ । शहबाजले एफआइए र अनुसन्धान अधिकारीहरूलाई पक्षकारको रूपमा उल्लेख गर्दै अदालतमा जमानत याचिका दायर गरेका थिए ।

सुलेमानले निवेदनमा भनेका थिए, 'अदालतले उहाँलाई फरार घोषित गर्नुअघि कानुनी प्रक्रियाहरू पूरा गर्नु आवश्यक छ ।'

सुलेमानले आफूलाई एफआइएले आधारहीनरूपमा सम्पत्ति शुद्धीकरण मामलामा नाम लिएको, आफूलाई अदालती सुनवाइको कुनै पनि सूचना प्राप्त नगराइएको र जानकारीविना फरार घोषित गरिएको दाबी गर्दै निवेदन दिएका थिए ।

सुनवाइका क्रममा न्यायाधीशले सुलेमानको कम्प्युटरमा रेकर्ड रहेको राष्ट्रिय परिचयपत्र (सिएनआइसी) को माग गरेका छन् । यसको जवाफमा उनले आफूसँग अहिले उक्त प्रकृतिको राष्ट्रिय परिचयपत्र नभएको बताएका थिए । यद्यपि, उनले अदालतले मागेका कागजातलाई अर्को सुनुवाइमा ल्याउने सुनिश्चित गरेको द न्यूज इन्टरनेसनलले रिपोर्ट गरेको छ । अदालतले पछि उनलाई जनवरी ७ सम्मका लागि अन्तरिम जमानत दिएको हो ।

प्रधानमन्त्रीका छोराले गत महिना आफ्नो आत्मनिर्वासन अन्त्य गर्दै आफूविरुद्धको मुद्दाको सामना गर्ने घोषणा गरेका थिए । सन् २०१९ को अक्टोबरमा जवाफदेही अदालतले सुलेमानलाई भगोडा अपराधी घोषणा गरेको थिए । राष्ट्रिय जवाफदेही ब्युरो (एनएबी)का अभियोजकले अदालतलाई सम्पत्ति शुद्धीकरण र आयको ज्ञात स्रोतभन्दा बढी सम्पत्ति राख्ने सम्बन्धमा अनुसन्धानका क्रममा पटक-पटक बोलाइए पनि उनी भ्रष्टाचारविरोधी निकायमा उपस्थित हुन नसकेको बताएपछि यो आदेश आएको हो । *रासस/एएनआई*

# तालिबानले महिलामाथि लगाएको प्रतिबन्धबारे काबुलमा छलफल



काबुल- तालिबानले सबै गैरसरकारी संस्थालाई महिला कर्मचारीलाई काम गर्नबाट रोक्न आदेश दिएपछि संयुक्त राष्ट्रसंघका उच्च अधिकारी र अफगानिस्तानमा क्रियाशील दर्जनौं गैरसरकारी संस्थाबीच आइतबार काबुलमा बैठक हुने भएको छ ।

तालिबान अधिकारीहरूले महिला कर्मचारीलाई काम गर्नबाट रोक्न जारी गरेको आदेशको अन्तर्राष्ट्रियरूपमा तीव्र निन्दा भएको थियो । सरकार र संगठनहरूले लाखौं मानिसहरू सहायतामा निर्भर रहेको देशमा मानवीय सेवाहरूमा असर पर्ने चेतावनी दिएका थिए ।

कट्टरपन्थी इस्लामवादीहरूले महिलाहरूलाई विश्वविद्यालयमा जान प्रतिबन्ध लगाएको एक हप्ता नबित्दै अफगानिस्तानका केही सहरहरूमा विश्वव्यापी आक्रोश र विरोध प्रदर्शनहरू सुरु भएको एक हप्ता नबित्दै पछिल्लो प्रतिबन्ध लगाइएको हो । अर्थ मन्त्रालयले उक्त आदेश कार्यान्वयन नगरे गैरसरकारी संस्थाको सञ्चालन अनुमतिपत्र निलम्बन गर्ने चेतावनी दिएको छ । यी इजाजतपत्र जारी गर्ने मन्त्रालयले गैरसरकारी संस्थामा काम गर्ने महिलाले उचित इस्लामिक ड्रेस कानुन पालना नगरेको 'गम्भीर गुनासो' प्राप्त भएको जनाएको छ ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालयका सूचना अधिकारी तापिवा गोमोले एएफपीसँग भने, 'यस समस्यालाई कसरी समाधान गर्ने भन्ने विषयमा छलफल गर्न आइतबार नै अफगानीस्थानको मानवअधिकारका लागि काम गर्दै आएको अफगानी टोली (एचसिटी) को बैठक बोलाइएको छ ।'

एचसिटीमा संयुक्त राष्ट्रसंघका उच्च अधिकारीहरू र दर्जनौं अफगान र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरू छन् जसले देशभरि सहायता वितरणको समन्वय गर्दछन् । बैठकमा तालिबानको पछिल्लो निर्देशनपछि सबै प्रकारका सहायता कार्य स्थगन गर्ने वा नगर्ने विषयमा छलफल हुने केही गैरसरकारी संस्थाका अधिकारीहरूले बताएका छन् ।

संयुक्त राष्ट्रसंघले उक्त आदेशबारे तालिबानसँग स्पष्टीकरण माग्ने बताएको छ र मन्त्रालयको निर्देशनको निन्दा गरेको छ । 'सार्वजनिक र राजनीतिक जीवनका सबै पक्षबाट व्यवस्थितरूपमा महिलालाई बाहिर राख्ने आदेशले देशलाई पछाडि धकेल्छ र देशमा कुनै पनि अर्थपूर्ण शान्ति वा स्थिरताको प्रयासलाई खतरामा पार्छ,' विज्ञप्तिमा भनिएको छ ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले यो प्रतिबन्ध अफगानीका लागि 'विनासकारी' हुने र यसले लाखौंलाई दिइने महत्त्वपूर्ण र जीवन रक्षक सहायतामा बाधा पुग्ने बताएका छन् । *रासस/सिन्ह्वा*

## महिलालाई अधिकारबाट वञ्चित नगर्न आग्रह

**संयुक्त राष्ट्रसंघ-** संयुक्त राष्टसंघका महासचिव एन्टोनियो गुटेर्रेसले अफगान महिलालाई काम गर्नबाट नरोक्न तालिबान प्रशासनसमक्ष आग्रह गरेका छन् । राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा महिलाले काम गर्न नपाउने तालिबान सरकारको आदेशले आफूलाई चिन्तित तुल्याएको बताउँदै महासचिवले त्यसमा पुनर्विचार गर्न अनुरोध गरेका छन् ।

'महासचिवले सबै महिलाको काममा सहभागी हुने अधिकारलाई दोहोर्‍याउनुभएको छ, तालिबानको यो निर्णयले सबैभन्दा कमजोर महिला र युवतीलाई मद्दत गर्ने देशभरका धेरै संस्थाको कामलाई कमजोर बनाउने छ,' अफगान महिलालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा काम गर्न प्रतिबन्ध लगाइएको कथित आदेशबाट महासचिव गुटेरेस विचलित भएको उल्लेख गर्दै महासचिवका प्रवक्ता स्टेफेन डुजारिकले एक विज्ञप्ति निकालेर भनेका छन् ।

संयुक्त राष्ट्रसंघ र उक्त संस्थाका साझेदार, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासहित, जीवनयापनका लागि मानवीय सहायतामा निर्भर दुई करोड ८० लाखभन्दा बढी अफगानीलाई मद्दत गर्दै आएका महिलालाई काम गर्ने अधिकारबाट वञ्चित बनाउन नहुनेमा महासचिवले जोड दिएका छन् । अफगानिस्तानमा जीवन र जीविकोपार्जन बचाउन सक्रिय अन्तर्राष्ट्रिय समुदायसँग काम गर्ने महिलामाथि प्रतिबन्ध लगाउँदा अफगान जनतालाई थप अप्ठ्यारोमा पार्ने विज्ञप्तिमा उल्लेख छ । *रासस/सिन्ह्वा*

## सन् २०३५ सम्ममा कोइलाको माग उच्च

**नयाँदिल्ली-** सन् २०३० देखि २०३५ को बीचमा उच्च बिन्दुमा पुग्ने सम्बद्ध अधिकारीले बताएका छन् । केन्द्रीय कोइला, खानी तथा संसदीय मामिलामन्त्री प्रह्लाद जोशीले भारतमा कोइलाको माग जारी रहने सन् २०३५ सम्ममा यो उच्च बिन्दुमा पुग्ने बताएका हुन् ।

कोइला भारतको ऊर्जाको प्रमुख स्रोत हो । सन् २०२२-२३ (अप्रिल-अक्टोबर) मा कोइलामा आधारित विद्युत् गृहहरूमा कोइलाको खपत बढेर ४४ करोड ७६ लाख टन पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खपत ३९ करोड ८२ लाख टन थियो । यसरी हेर्दा अघिल्लो वर्षको तुलनामा यो वर्ष कोइलाको खपत १२ प्रतिशतले बढेको देखिएको छ ।

मन्त्री जोशीले भन्नुभयो, 'पर्याप्त भण्डारको साथ ऊर्जाको किफायती स्रोत भएकोले भारतमा कोइलानिकट भविष्यमा ऊर्जाको प्रमुख स्रोतको रूपमा रहनेछ । स्थिरता र ऊर्जा सुरक्षाका लागि देशलाई कोइलामा आधारित उत्पादनको आधार भार क्षमता आवश्यक पर्छ ।'

ऊर्जा मन्त्रालयले सन् २०३० सम्ममा नयाँ तथा नवीकरणीय गैरजीवाश्म इन्धनमा आधारित ऊर्जा स्रोतबाट करिब ५० प्रतिशत सञ्चयी विद्युतीय ऊर्जा स्थापित क्षमता हासिल गर्ने योजना बनाएको छ ।

हालसम्म, गैरजीवाश्म इन्धन स्रोतहरूबाट कूल १७२.७२ गिगावाट क्षमता स्थापित गरिएको छ । जसमध्ये ६१.६३ गिगावाट सोलार, ४१.८४ गिगावाट वायु र साना करिब १५ गिगावाट गरी कूल ११९.०९ गिगावाट नवीकरणीय ऊर्जा स्थापित गरिएको छ । *रासस/एएफपी*

# अमेरिकामा हिमआँधीले करौडौं प्रभावित

**बफेलो, संयुक्त राज्य अमेरिका-** अत्यधिक चिसो मौसमका कारण संयुक्त राज्य अमेरिका र क्यानडामा करोडौं मानिसहरू चिसोजन्य स्वास्थ्य जोखिमको सामना गरिरहेका अमेरिकी मौसमविद्हरूले जनाएका छन् ।

लाखौं अमेरिकीहरू क्रिसमसको पूर्वसन्ध्यामा यात्रा गरिरहेका बेला शनिबार अमेरिका भित्रिने र बाहिरिने दुई हजार ३६० भन्दा बढी उडान रद्द गरिएको ट्र्याकिङ साइट फ्लाइटअवेयरले जनाएको छ । अमेरिकाका १२ वटा राज्यमा हिमपातबाट सिर्जित समस्याहरूसँग जुध्न संकटकालीन कदमहरू चालिएको छ । चिसोका कारण १८ व्यक्तिले ज्यान गुमाएका छन् ।

अमेरिकाको बफेलोमा तीन, ओहायोमा पाँच, मिसौरीमा एक चालकसहित चार, भर्मोन्टमा एकसहित अमेरिकाभरी १८ जनाको मृत्यु भएको सम्बन्धित राज्यको स्थानीय प्रशासनले पुष्टि गरेको छ । मोन्टाना राज्यमा अहिलेसम्मकै कीर्तिमानी माइनस ४५ डिग्री सेल्सियस तापक्रम मापन गरिएको छ । करिब १५ लाख घर र व्यापारिक भवनहरूमा बिजुली आपूर्ति प्रभावित भएको छ भने हजारौं उडानहरू रद्द भएका छन् ।

चिसो आगामी हप्तासम्म कायम राख्ने पूवानुमान मौसमविद्हरूले गरेका छन् । खराब मौसमले मानिसहरूको व्यवस्थित क्रिसमस योजनालाई बिथोलेको छ । अमेरिकी राष्ट्रिय मौसम सेवा एनडब्ल्युएसले गत शुक्रबार गरेको मौसमसम्बन्धी पूर्वानुमानअनुसार यो वर्ष अमेरिकामा लामो समयसम्म अत्यधिक चिसो रहने बताएको छ । *रासस/एपी*


**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AA PARMACY HEALTHCARE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/०८ | LT. No. 278183 | चलानी नं. ६०१९३७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Freight worker | 14 | 0 | 1500 | ४४,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १६ गते (31st Dec. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 278183 मिति: २०७९/०९/०९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

MERIDIAN OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465
श्रम ईजाजत नं. ६१३/०६२/०६३

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL AHLIA ARAB BUILDING AND ROAD CLEANING CONTRACTING CO.

पुर्व स्वीकृति मिति २०७८/११/३० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/०८ | LT. No. 259540 | चलानी नं. ६०१७५९२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 15 | 10 | 120 | ५१,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Mansur Manpower Pvt.Ltd.
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com
Govt. License 1218/074/075

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : CP ELITES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०८/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/१० | LT. No. 276985 | चलानी नं.६०१९२६४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 16 | 0 | 1500 | ४४,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष १८ गते (2nd Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १००५०० | प्रति तोला – १००००० | प्रति तोला – १३९० |



**ड्रागन फ्रुटको खेती** | सुर्खेतको वीरेन्द्रनगर–११ धुलियाविटस्थित करिब २२ कट्ठामा कर्णाली ड्रागन फार्ममा रहेको ड्रागन खेती । यहाँ करिब ८० लाखको लगानीमा ड्रागन खेती गरिएको छ । *तस्बिरः सुरेश आचार्य/रासस*

# 'कृषिको प्राथमिक क्षेत्रमा विदेशी लगानी ल्याउनु हुँदैन'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय योजना आयोगले गरेको एक अध्ययनले कृषिको प्राथमिक क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी ल्याउन नहुने देखाएको छ ।

योजना आयोगले गत बिहीबार सार्वजनिक गरेको 'कृषिमा विदेशी लगानीको सम्भाव्यता अध्ययन प्रतिवेदन २०७९' ले कृषिउपज उत्पादनका लागि विदेशी लगानी ल्याउन नहुने सुझाव दिएको हो । यद्यपि, भण्डारण, प्रशोधन र बजारीकरणका लागि भने विदेशी लगानी ल्याउन सकिने उक्त प्रतिवेदनको सिफारिस छ ।

'कृषिको प्राथमिक क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको आवश्यकता देखिँदैन । यो क्षेत्रका निम्ति नेपालका बैंकहरूले पर्याप्त ऋण दिइरहेको अवस्था छ र सरकारले पनि सोको उत्थानका लागि निरन्तर रूपमा कर छुट र अन्य नीति लाभ दिइरहेको छ', उक्त प्रतिवेदनमा भनिएको छ । त्यस्तै, कृषिको प्राथमिक क्षेत्रमा उद्यम गर्ने कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचीकरण नभएकाले त्यस्ता कम्पनी विदेशी लगानीको खोजीमा नरहेको कुरा देखाएको पनि प्रतिवेदनमा उल्लेख छ । यस्तो अवस्थामा कृषि क्षेत्रमा विदेशी लगानीको पहल गर्ने कुरा तर्कसङ्गत नहुने उक्त अध्ययनको निष्कर्ष छ तर, कृषि उत्पादनमा मूल्य अभिवृद्धि (भ्यालु एड) गर्ने गरी प्रशोधन, भण्डारण र बजारीकरणका क्षेत्रमा भने विदेशी लगानी ल्याउन सकिने अध्ययनले देखाएको छ । 'शीत भण्डारण (कोल्ड स्टोरेज), क्यानिङ, प्रोसेसिङ, मिल आदि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानी आवश्यक छ । ती क्षेत्रमा आउने प्रत्यक्ष विदेशी लगानीलाई नियमन गर्न एक छुट्टै नियमावलीको आवश्यकता देखिन्छ', प्रतिवेदनमा भनिएको छ ।




कृषिको दोस्रो (सेकेन्डरी) क्षेत्रमा आउने विदेशी लगानीलाई नियमन गर्न बनाइने नियमावलीले कृषिको कुन क्षेत्रमा त्यस्तो लगानीलाई अनुमति भएको र नभएको भनी स्पष्टरूपमा लेखिएको हुनुपर्ने सिफारिस यो अध्ययनले गरेको छ । 'नियमावलीले प्रत्यक्ष विदेशी लगानीअन्तर्गत प्रयोग हुन आउने विदेशी भूमि माथिको हक र स्वामित्वको विषयलाई उचित तरिकाले सम्बोधन गर्नुपर्छ । नियमावलीले किसानको अधिकार र लाभको कुरा पनि समेट्नुपर्छ,' प्रतिवेदनमा भनिएको छ ।

पछिल्ला वर्षहरूमा नेपालको कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको छ । करिब ६६ प्रतिशत जनसङ्ख्या कृषिमा प्रत्यक्षरूपमा संलग्न भए पनि यस क्षेत्रबाट चाहिए जति उत्पादन नभइरहेको र नेपालले पर्याप्त लाभ लिन नसकिरहेको प्रतिवेदनमा उल्लेख छ । नेपालको संविधानमा रहेका राज्यका नीतिअन्तर्गत धारा ५१ (ज) ले 'कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यताअनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने' भनी कृषि क्षेत्रमा लगानीसम्बन्धी व्यवस्था गरेको तर कृषि क्षेत्रमा प्रत्यक्ष विदेशी लगानीको आवश्यकता छ वा छैन भन्नेबारेको विषय अहिले पनि विवादित छ ।

सरकारले २०७७ पुसमा कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन दिने निर्णय गरेको थियो तर सरकारको उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले २०७७ माघमा अल्पकालीन आदेश दिएको थियो । यो मुद्दाको अन्तिम फैसला भने अझै आइसकेको छैन ।

# सिंहदरबारभित्र चार्जिङ स्टेसन निर्माण हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा उच्च क्षमताको चार्जिङ स्टेसन निर्माण हुने भएको छ । प्रमुख निकाय भएपनि विद्युतीय सवारी साधनका लागि उच्च क्षमताको चार्जिङ स्टेसन थिएन । हाल सिंहदरबारमा चार्जिङ स्टेसन भए पनि तर कम क्षमता थिए ।




त्यसको अभाव परिपूर्तिका लागि सरकारले ३० किलोवाट क्षमताका पाँच वटा चार्जिङ स्टेसन निर्माण हुने भएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मातहतको 'इनर्जी डेभलपमेन्ट डिकेड एक्सन प्लान प्रोजेक्ट'ले सो परियोजना निर्माण गर्न लागेको हो ।

आयोजना हेर्दै आएका सिनियर डिभिजनल इञ्जिनियर शालिकराम भण्डारीका अनुसार ३० किलोवाट क्षमताका डिसी चार्जिङ स्टेसन निर्माण गर्न लागिएको हो । मन्त्रालय र आसपासका स्थानमा ती स्टेसन निर्माण हुनेछन् । पछिल्ला दिनमा विद्युतीय सवारी साधनको प्रयोगमा वृद्धि भएपनि चार्जिङ स्टेसन निर्माणको क्रमले अपेक्षित गति लिन सकेको छैन ।

नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको चार्जिङ स्टेसन पनि अधिकांश अन्तिम चरणमा पुगेका छन् । कूल ५१ वटा त्यस्ता स्टेसन प्राधिकरणले निर्माण गरेको हो । त्यसमा १२ वटा सञ्चालनमा आएको र ३२ वटाको जडान सम्पन्न भएको छ । सिंहदरबारभित्रै द्रुत गतिको स्टेसन निर्माण भएपछि विद्युतीय सवारी साधनको प्रयोगमा थप अभिवृद्धि हुने सिडिई भण्डारीले जानकारी दिए ।

चार्जिङ स्टेसन निर्माणका लागि मन्त्रालयले बोलपत्रमार्फत् प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ । स्टेसन निर्माणका लागि निजी वा सार्वजनिक संस्थाले आवेदन दिनुपर्ने सूचनामा उल्लेख छ ।

# १८ अर्बभन्दा बढीको ट्रेजरी बिल आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले ट्रेजरी बिल जारी गर्ने भएको छ । बैंकले ९१ दिन, १८२ दिन र एक वर्षको १८ अर्ब ५० करोड रूपैयाँको ट्रेजरी बिल जारी गर्न लागेको हो । ट्रेजरी बिल १ वा १ वर्षभन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालिन सरकारी ऋणपत्र हो ।

ट्रेजरी बिलका लागि आज (सोमबार) दिउँसो २ बजे बोलकबोल हुनेछ । बैंकले ९१ दिनको लागि ६ अर्ब ५० करोड रूपैयाँको ट्रेजरी जारी गर्न लागेको हो । १४ चैत यो ट्रेजरी परिपक्व हुनेछ ।

१८२ दिनको लागि १० अर्ब रूपैयाँको ट्रेजरी जारी गर्न लागेको हो । यो ट्रेजरी २०८० असार १२ गते परिपक्व हुनेछ । १ वर्षको लागि २ अर्ब रूपैयाँ बराबरको ट्रेजरी बिल जारी गर्न लागेको हो । यो ट्रेजरी १० पुस २०८० मा परिपक्व हुनेछ ।

साथै ट्रेजरी बिलका लागी सबै वर्गका बैंक तथा वित्तीय संस्था, संगठित संस्था तथा सर्वसाधारण नागरिक समेत ट्रेजरी बिलको बोलकबोलमा सहभागी हुन पाउने बैंकले जानाएको छ । बोलकबोलमा अत्याधिक मूल्य तोक्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी तोकिएको रकमसम्म ट्रेजरी बिलको बाँडफाँट हुने गर्दछ ।


# ६ वर्षमा ३५ हजार इम्बोस्ड नम्बरप्लेट जडान

■ प्रभाव संवाददाता

**काठमाडौं–** सवारीसाधनको सुरक्षाका लागि महत्वपूर्ण मानिएको इम्बोस्ड नम्बर प्लेट जडान छ वर्षमा ३५ हजार सवारीसाधनमा मात्रै भएको छ ।

कानुनीलगायतका विभिन्न कारणले केही अवधि रोकिएको जडान पछिल्लो समय भने न्यून संख्यामा भए पनि दैनिकरूपमा भइरहेको छ । तर निर्धारित समय सकिन ११ महिना बाँकी रहँदा दुई प्रतिशतभन्दा कम सवारीसाधनमा नम्बर प्लेट जडान भएको विभागको भनाइ छ । इम्बोस्ड नम्बर प्लेट विसं २०८० मङ्सिरसम्म जडान गरिसक्नुपर्नेछ । इम्बोस्ड नम्बर प्लेट जडानको अहिलेको गति हेर्दा निर्धारित अवधिमा सबै सवारी साधनमा जडान हुने अवस्था नभएको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुको भनाइ छ ।

सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जोड्नुपर्छ भनेर कानुनमा व्यवस्था गरिएकाले सेवाग्राहीले जडान गर्न पाउने तर बाध्यकारी नभएको उनको भनाइ छ । सरकारले पाँच वर्षमा २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानको लक्ष्य लिएको छ । सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान




कहिले कानुनी त कहिले भाषाको विवादका कारण अपेक्षाकृत रूपमा हुन सकेको थिएन । इम्बोस्ड नम्बर प्लेट जडानको अवधि गत वर्ष जेठमा सकिएपछि फेरि साढे दुई वर्षका लागि थप गरिएको थियो ।

इम्बोस्ड नम्बर प्लेट नेपाली भाषामा हुनुपर्ने माग गर्दै अदालतमा मुद्दा दायर भएको थियो । सो मद्दामा दुई वर्ष पहिले अदालतले प्लेट अङ्ग्रेजी भाषामै हुँदा फरक नपर्ने फैसला गरेको थियो ।

यातायात व्यवस्था विभागले विसं २०७३ जेठ १७ मा टाइगर आइटी (द कर्पोरेसन)सँग नम्बर प्लेट आपूर्ति र जडानका लागि सम्झौता गरेको थियो । प्रविधियुक्त इम्बोस्ड नम्बर प्लेटको प्रयोगले सवारीसाधनको चोरी, राजस्व छली र आपराधिक क्रियाकलाप रोक्ने अपेक्षा गरिएको छ ।

विभागले सम्झौतामा वैयक्तिक नामाङ्कन र सूचना प्रविधि पूर्वाधारसमेत निर्माण गरिने बताएको छ । आधुनिक र वैज्ञानिक नम्बर प्लेट खरिदका लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बोलपत्र आह्वान गरिएको थियो ।

सम्झौताका आधारमा आपूर्तिकर्ता कम्पनीले २५ लाख कार्डसँगै सवारी धनीलाई इम्बोस्ड प्लेट प्रणालीमा आबद्ध गराउन र सवारीसाधनका लागि कम्प्युटर प्रणालीबाट नम्बर प्लेट जारी गर्न वैयक्तिक कार्यक्रमलगायत सफ्टवेयर निर्माण गर्ने उल्लेख थियो । सो सफ्टवेयर तयार भएर सञ्चालनमा आइरहेको छ । त्यस्तै नम्बर प्लेट छपाइका लागि प्रयोग हुने मेसिनरी उपकरण जडान तथा सञ्चालन गर्नुपर्ने ठेक्का सम्झौतामा उल्लेख थियो ।

'स्टिकर' वा ट्यागजडित सवारीसाधनको विद्युतीय अनुगमनका लागि १० स्थानमा पूर्वाधार निर्माण छ । सडक विभागसँग काठमाडौं उपत्यकामा नागढुङ्गा, जगाति, नागार्जुन, फर्पिङ, जोरपाटी र उपत्यकाबाहिर इटहरी, पथलैया, बुटवल, कोहलपुर तथा अत्तरियामा निर्माण हुनेछ ।

# अवैध रूपमा भित्रिएका मोबाइल १५ पुसदेखि नचल्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** १५ पुसदेखि अवैद्य रूपमा भित्रिएका मोबाइल नचल्ने भएका छन् । मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) १५ पुसदेखि पूर्णरूपमा कार्यान्वयनमा ल्याउने नेपाल दूरसञ्चार प्राधिकरणल जनाएको छ ।



आगामी शुक्रबारदेखि एमडीएमएस पूर्णरूपमा कार्यान्वयनमा आएपछि अवैधरूपमा भित्रिएका मोबाइल नचल्ने प्राधिकरणले जानाएको छ । मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्न र चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले प्रभावकारी भूमिका खेल्ने छ ।

एमडीएमएस दर्ता नगरेको सेटहरू गत १ असोजदेखि कार्यान्वयनमा ल्याइएको थियो ।

विदेशबाट आउने नेपालीहरूले आफूले प्रयोग गर्न भनेर ल्याएका मोबाइल सेटहरू एमडीएमएसमा दर्ता नभएका, गत भदौभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरू प्राधिकरणले १५ डिजिटको आइएमइआइ नम्बरसहित भन्सार कागजातसहित दर्तामा आउन प्राधिकरणले आह्वान गरेको छ ।

यहि १५ पुसदेखि नियमानुसार भन्सारमा घोषणा नभएका मोबाइल सेट दर्ता नगरिने र त्यस्ता मोबाइल सेट चल्नबाट रोकिनेतर्फ पनि सचेत गराएको छ । साथै, बजारबाट खरिद गर्दा कुनै पनि मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणालीमा दर्ता भए वा नभएको यकिन गरेर मात्र खरिद गर्न प्राधिकरणले अनुरोध गरेको छ ।

प्रधिकरणले मोबाइल आयातकर्ता र बिक्रेताले अनिवार्य रूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ